# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २३ पूर्णाङ्क १२१ | २०७५ मंसिर १७ गते सोमबार | Monday, Dec. 3, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## संघर्षको चेतावनीसहित देजमोले ललितपुर महानगरलाई बुझायो ज्ञापनपत्र

● कुमार भट्टराई

ललितपुर । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ललितपुरले आफ्ना ४० सुत्रीय माग यथाशिघ्र पूरा नगरिए संघर्षमा जाने चेतावनीसहित ललितपुर महानगरलाई ज्ञापन पत्र बुझाएको छ । मोर्चाकी ललितपुर संयोजक इन्दिरा अधिकारीको नेतृत्वमा गएको मोर्चाको एक टोलीले ललितपुर महानगरपालिकाका



मेयर चिरिबहादुर महर्जनलाई सोमबार उक्त ज्ञापन पत्र बुझाएको हो । मेयर महर्जनको कार्यकक्षामा ...बाँकी ८ पेजमा

# ‘पोल पोलमा फोटो झुण्ड्याइयो, अब श्री ५ केपी ओली मात्र लेख्न बाँकी’



● टेक मास्कीराना

बुटवल । नयाँ युगको सुरुवात भयो भन्दै ओली नेतृत्वको सरकारले काठमाडौं लगायत मुख्य सहरहरूमा केपी शर्मा ओलीको फोटा विजुलीका पोल पोलमा झुण्ड्याउने कार्यप्रति कडा टिप्पणी गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले सामन्ती राजामहाराजालाई माथ खुवाउने कार्य भएको बताएका छन् । एमाले-माकेले ‘कम्युनिस्ट’को नाममा प्राप्त गरेको दुइतिहाइ बहुमत देशका लागि अभिशाप भएको दावी गर्दै उनले भने, ‘अहिले सरकारले नयाँ युगको कुरा गर्दै पोल पोलमा ओलीको फोटो झुण्ड्याउने काम गरेको छ, अव श्री ५ केपी ओली लेख्न मात्रै बँकी छ ।’ उनले ओली सरकारले जतिसुकै गम्भीर गल्ती गरेपनि दुई तिहाईको सरकार हट्न नसक्ने अवस्था रहेकोले जनतामा निरासा छाएको पनि बताए । ९ महिनामा सरकारले राष्ट्रिय स्वाधीनताको उपहास गरेको चर्चा गर्दै गजुरेलले भने- ‘सरकार बनेयताका सबै घटनाक्रमले ओली सरकार कम्युनिस्ट, बामपन्थी पनि होइन रहेछ भन्ने पुष्टि मात्रै भएको छैन, यो दलाल प्रतिक्रियावादीहरूको सरकार रहेछ भन्ने सबै जनताले अनुभूति गरेका छन् ।” सरकारले लिम्पियाधुरा-कालापानी-लिपुलेक, सुस्ता लगायत १० हजार वर्ग किमिभन्दा बढी भूभाग गायब पारिएको नक्कली नक्सा सरकारी कार्यालयहरूमा प्रयोग भइरहेको यति संवेदनशील विषयमा पनि कुनै चासो, चिन्ता र नेपालको वास्तविक नक्सा प्रयोगमा कुनै पहलकदमी नलिएको देख्दा बडो आश्चर्य लागेको भन्दै नेता गजुरेलले ओली सरकारको यो राष्ट्रघाती दलाल प्रवृतिको डटेर भण्डाफोर गर्न मोर्चाले देशव्यापी अभियान चलाउने पनि घोषणा गरे ।

बुटबलमा पत्रकारहरूसँग शनिबार कुरा गर्दै नेता गजुरेलले जथाभावी कर असुलेर जनतामाथि बैधानिक शोषण गरेको भन्दै ।करको दायरा फराकिलो बनाउने बहानामा दुनियामा नै नभएको विभिन्न करहरू बढाएकोमा त्यसको कडा विरोध गरे । जनताका समस्याहरू समाधान गर्नुको सट्टा सरकारले कर वृद्धि गरेर अतिरिक्त भार जनतालाई बाकाएकोले अनावश्यक करहरू तत्काल खारेज गर्नुपर्ने पनि धारणा राखे ।

निर्मला पन्त हत्या काण्डमा सरकार पुर्णरूपमा नै असफल भएको नेता गजुरेलको ठहर छ । अब विस्तारै यो घटना अन्तर्राष्ट्रियकरण हुन थालेको भन्दै यसमा देशको अवस्था ...बाँकी ८ पेजमा

## सबै स्थानीय तहमा ज्ञापन पत्र बुझाउँदै देजमो बाँके

● दिनेश श्रीवास्तव

बाँके । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बाँकेले राष्ट्रियता, जनतन्त्र र जनजिविकाका मागहरू समेटिएको ज्ञापन पत्र स्थानीय तहमा बुझाउने कार्यक्रमलाई तीव्रता दिएको छ । देजमो बाँकेले मंगलबार जिल्लाको राप्तिसोनारी गाउँपालिकामा ४० सुत्रीय ज्ञापन पत्र बुझाएर सुरु गरेको यो अभियानलाई वैजनाथ गापा, कोहलपुर नपा, खजुरा गापा र जानकी गापासम्म पुऱ्याएको छ । यही हप्ताभित्र जिल्लाका आठवटै तहमा ज्ञापन पत्र बुझाइसक्ने मोर्चाले जनाएको छ ।

प्राप्त जानकारी अनुसार, ज्ञापन पत्र बुझाउँदै मोर्चाले सबै स्थानीय तहलाई जनताका समस्याहरूको हल गर्ने विषयमा गम्भिर भएर सोच्न आग्रह गरेको छ । मोर्चाले तत्काल मागहरूको सम्बोधन नगरेमा जनताको साथमा कडा संघर्षमा उत्रने समेत चेतावनी समेत दिएको छ ।

## क्रान्तिकारी माओवादीले थाल्यो भ्रष्टाचारविरोधी अभियान

दैलेख । नेकपा (क्रान्तिकारी माओवादी) दैलेखले भ्रष्टाचारविरोधी अभियान थालेको छ । अभियानकै क्रममा दैलेखको भैरवी गापा- कुसापानी, कुर्माकोटमा खानेपानी उपभोक्ता समितिले ४ लाख बराबरको भ्रष्टाचार गरेको तथ्यप्रमाणसहित पाइएपछि क्रान्तिकारी माओवादीको भैरवी गापाको अनुगमन समितिले भ्रष्टाचार गरिएको उक्त रकम उपभोक्ता समितिको खातामा जम्मा गर्न लगाएको छ । खानेपानी उपभोक्ता समितिका अध्यक्ष हेमबहादुर पहराईलगायत पदाधिकारी मिलेर उक्त रकम भ्रष्टाचार गरेका थिए ।

यसैबीच, क्रान्तिकारी माओवादीले बनाएको भ्रष्टाचार विरोधी अनुगमन समितिले चेतावनी ...बाँकी ७ पेजमा

## संघर्षको खाका कोर्दै क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को १२ मंसिरदेखि जारी केन्द्रीय समितिको बैठक संघर्षको योजना निर्माणमा केन्द्रित भएको छ । बैठकमा पार्टी महासचिवले प्रस्तुत गरेको ‘केन्द्रीय कार्यालयको रिपोर्ट’ एकमतका साथ पारित भएको छ । प्रस्तुत रिपोर्टमाथि केन्द्रीय सदस्यहरूले आ-आफ्ना धारणा राखेका थिए । बैठकले राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी भयावह स्थितिको विश्लेषण गर्दै वर्तमान दलाल संसदीय सत्ता र व्यवस्थाका विरुद्ध संघर्षका योजना निर्माणमा छलफललाई केन्द्रित गरेको पार्टी प्रवक्ता प्रतिकले वर्गदृष्टिसँग कुराकानीको क्रममा बताए । (हे.अन्तर्वार्ता, पृ.३ मा) जारी बैठक १८ मंसिरसम्म चल्ने बताइएको छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षधर विशाल जनसमुदाय र क्रान्तिकारी पंक्तिले क्रान्तिकारी माओवादीको यो बैठकलाई आशाको नजरले हेरिरहेका छन् ।

आन्तरिक र वाह्य राष्ट्रियता, जनजीविकाका मुद्दाहरूलाई प्रमुख रूपमा उठाउँदै आएको क्रान्तिकारी माओवादीले लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता लगायत १० हजार वर्गकिमी भन्दा बढी भूभाग गायब पारिएको नक्कली प्रयोग भइरहेको यति सम्वेदनशिल विषयमा पनि सरकार लगायत अन्य पार्टीहरू मौन रहेको अवस्थामा नक्कली नक्सा प्रयोगका विरुद्ध अभियानै चलाउँदै आएको छ । क्रान्तिकारी माओवादी सम्बद्ध देजमो र क्रान्तिकारी युवा लिगले काठमाडौंका सबै स्थानीय तह र सिडिओ कार्यालयसम्मको अनुगमन गरेर नेपालको वास्तविक नक्सा प्रयोगका निम्ति स्मरण पत्र र सक्कली नक्सा समेत हस्तान्तरण गरेको छ ।

त्यस्तै क्रान्तिकारी माओवादीले भ्रष्टाचार विरोधी अभियान पनि चलाउन थालेको छ । केही समयअघि क्रान्तिकारी माओवादीले दैलेखमा ...बाँकी ८ पेजमा

## गिरफ्तार नेता कार्यकर्ता विनाशर्त अविलम्ब रिहाई गर्न क्रान्तिकारी माओवादी र मोर्चाको माग

पोखरा। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कास्कीका अध्यक्ष भोजराज त्रिपाठीलाई पक्राउ गरेको तीनदिनपछि प्रहरीले मोर्चाका जिल्ला सदस्य राजन मिजार र अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ, कास्कीकी सदस्य



डिलकुमारी परियारलाई प्रहरीले विनाकारण पक्राउ गरी प्रहरी हिरासतम राखेको छ। मोर्चाका अध्यक्ष तथा सुकुम्बासी संगठनका फ्र्याक्सन इन्चार्ज समेत रहेका त्रिपाठीलाई धरौटीमा छुटाउन ५० हजार रूपैया लिएर जिल्ला ...बाँकी ७ पेजमा

## कमरेड गणपतिको जिम्मेवारी त्यागबारे भाकपा (माओवादी)को वक्तव्य सार्वजनिक

काठमाडौं। (लामो समयदेखि विरामी अवस्थामा रहेका भाकपा (माओवादी)का ७० वर्षीय महासचिव गणपतिले उमेर र स्वास्थ्यका कारण स्वेच्छिक रूपमा जिम्मेवारीबाट गरेको त्यागलाई भारतीय सत्तासिन पक्षीय मिडियाहरूले अनर्गल प्रचार गरी पार्टीपंक्ति तथा देशभित्र बाहिरका क्रान्तिकारी तप्कामा पर्न गएको भ्रमलाई चिर्दै यसबारे हालै एक प्रेस वक्तव्य सार्वजनिक गरेको छ । जसलाई जनमेल डटकमका लागि डा. ऋषिराज बरालले नेपालीमा अनुवाद गरी प्रकाशनमा ल्याएका छन् । हामीले १० नोभेम्बर, २०१८ मा जारी त्यही वक्तव्यको नेपाली अनुवादलाई यहाँ प्रस्तुत गरेका छौं । -स.) *वक्तव्यको पूर्णपाठ*

‘भारतीय कम्युनिस्ट पार्टी ...बाँकी ५ पेजमा

## सेनाभित्र मौलाउँदैछ भ्रष्टाचार र अनियमितता

काठमाडौं । देशको सुरक्षामा भन्दा ठेक्का पट्टा, व्यापारमा हात हाल्दै आएको नेपाली सेनाभित्र पछिल्लो समय भ्रष्टाचार र अनियमितता बढेर गएको छ । सेनाको रासन, लत्ताकपडा खरिद प्रक्रिया, हातहतियार र सैन्य सामग्रीमा सेनाको उच्च तहले अरबौंको भ्रष्टाचार गर्ने गरेका समाचारहरू सार्वजनिक हुने गरेका छन् छन् । पछिल्लो समय नेपाली सेनाभित्र माथिल्लो नेतृत्वको सिको गर्दै सेनाको तल्लो तहसम्म पनि भ्रष्टाचार र अनियमितता झ्याङ्गिएर गएको छ ।

पछिल्लो पटक नेपाली सेनाले भर्ना प्रक्रियामा भएको भ्रष्टाचार र अनियमिततामा दोषी देखिएको भन्दै १९ अधिकृतसहित १ सय ७३ जनालाई सेनाले कार्वाही गरेको छ । नेपाली सेनाभित्र लिने गरिएका विभिन्न पदहरूको भर्नामा भएको अनियमितता गरेको आरोपमा उनीहरूमाथि कार्वाही गरिएको हो ।

अनियमितताको बारेमा छानविन गर्न कार्तिक ६ गते प्रधानसेनापति पूर्णचन्द्र थापाको निर्देशनमा एकजना उपरथीका ...बाँकी ७ पेजमा

## निर्मलालाई न्याय खोज्ने आन्दोलनमाथि सरकारी दमन



काठमाडौं । बालिका निर्मला पन्तका वास्तविक हत्यारालाई कारबाहीको दायरामा ल्याई उनलाई न्याय दिलाउन माग गर्दै गरिएको आन्दोलनमा प्रहरीले दमन गरेको छ । सरकारले निर्मलाको पक्षमा भइरहेका प्रदर्शन र सांकेतिक विरोधलाई रोक्न खोजेको छ ।

निर्मलालाई न्याय माग्दै शुक्रबार मात्रै माइतीघर मण्डला क्षेत्रमा टाँसिएका पोस्टर ...बाँकी ८ पेजमा

## नेपालको वर्तमान राजनीतिक परिस्थितिमा पार्टीको केन्द्रीय समिति वैठकको महत्व

क) मुलुक संकटग्रस्त बाटोमा : नेपालमा विगत आठ महिनादेखि कथित कम्युनिष्ट पार्टी नेकपा (नेकपा) को दुईतिहाई बहुमतको सरकार चलिरहेको छ । ‘समृद्ध नेपाल, सुखी नेपाली’ को नाराका साथ आर्थिक क्रान्ति सम्पन्न गरी समाजवादमा पुग्ने लक्ष्य यो सरकारले घोषणा गरेको छ । तराइमा उठेको मधेसीको आन्दोलनको समर्थनमा भारतले गरेको ६ महिने नाकाबन्दीमा खड्गप्रसाद ओलीले आफूलाई कथित राष्ट्रवादीका रूपमा प्रस्तुत गरेर संसदमा दुईतिहाई पुऱ्याउन सफल भएका थिए । तर सरकार गठनपछि प्रम खड्गप्रसाद ओलीले आठ महिनाको सुरुआती कार्यकालमा

***हिन्दु राज्यमा राजाले गर्ने व्यवहार धर्म निरपेक्षका राष्ट्रपतिले गर्दै आएका छन्। दसैंमा दुर्गा भवानीको प्रसाद ‘टीका’ राष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति, प्रहरी प्रमुख, सचिव आदिले लगाई निरन्तरता दिने काम गरेका छन्। नेपाली जनताको पेट काटेर उठाएको करबाट कर्मचारीलाई दसैं खर्चवापत् एक महिनाको तलव भनेर ६अर्ब ५० करोड रूपैयाँ वितरण गरिएको छ। प्रधानमन्त्रीले दसैं खर्चका नाममा ५० करोड रूपैयाँ बाँडेका छन्। तसर्थ, यो संविधान र त्यसलाई लागु गर्ने सरकारले वास्तवमा लोकतन्त्रलाई उपहास गरेको अवस्था छ***



● सीताराम तामाङ ●

नै उनको राष्ट्रियता, लोकतन्त्रर जनजीविकामाथि खेलेको भूमिकाले यो सरकारको प्रतिगामी अनुहार छर्लंग भएको छ र अरु हुनेवाला छ ।

ख) राष्ट्रिय स्वाधीनता : कथित राष्ट्रवादी नेता खड्गप्रसाद ओलीले भारत भ्रमणमा जाँदा कोशी नदीमा उच्च बाँधबाँध्ने र अरुण तेस्रो आयोजना भारतलाई सुम्पने काम गरे । योसँगै अरुण तेस्रो परियोजना निर्माणका लागि ओली-मोदी संयुक्त उद्घाटन गर्ने सहमतिसमेत गरे । भारतीय प्रधानमन्त्री नेपाल भ्रमणमा आउँदा यी दुई नेताले काठमाडौंस्थित होटेल द्वारिकामा स्वीच थिचेर पूरा गरेका थिए । ...बाँकी ७ पेजमा

## सम्पादकीय

# राष्ट्रियताका कुरा

नेपालको दश हजार वर्ग किलोमिटर जमिन भारतले उसको सीमाभित्र पारेको खबर नेपालीका कानमा पर्‍यो । राष्ट्रवादी नेपालीहरूका लागि यो समाचार आफैमा दुखद् र असैह्य दुवै हो । सधैंभरि भनियो नेपाल कसैको पनि दासतामा बाँधिएन । कसैको उपनिवेशमुनि पिल्सिनु परेन । त्यो इतिहास नेपालको देखिदैन र सर्सर्ती हेर्दा त्यसो पनि पाइँदैन ।

तर धेरै विश्लेषकहरूको भनाइ के छ भने नेपाल कसैको अधीनमा पनि रहेन र स्वतन्त्र पनि रहेन । यसको मर्म निकै गहिरो छ । यसले नेपाली भूगोल कसैको बुटमुनि नकुल्चिए पनि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा मनोवैज्ञानिक रूपमा सधैं भारतको भारतीयहरूको प्रभावमुनि रहिरह्यो । शायद नेपालीहरूको राष्ट्रियताबारे केही खोटपूर्ण सोंच र बुझाइहरू रहेका छन् ।

पहिलो त, देशभक्त नेपालीहरूले राष्ट्रियता भनेको विशुद्ध माटो हो भन्ने कुरा मात्र बुझे । उनीहरूले राष्ट्रियताका कुरा गर्दा आफ्नो घर आँगन र खेतबारी हुँदै बढी भनेको सीमा इलाकाहरू र दशगजा क्षेत्रहरू मात्र हेरे । यो एउटा कम्प्युटरको हार्डवेयर जस्तो मात्र रह्यो । यसका सफ्टवेयरहरूका बारेमा या त देशभक्त नेपालीहरूले भेउ नै पाएनन्, या त उनीहरूको यसका बारेमा दिमागले नै सोच्न सकेन । यो अहिले आएर कमजोरीका रूपमा अभिव्यक्त हुन गयो । यसले गर्दा अहिले नेपालीहरूको माटो र सीमानाको राष्ट्रियता अतिक्रमित हुँदै गयो । त्यसलाई जोगाउने सफ्टवेयर विज्ञान, प्रविधि र राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक तयारीहरू पूरा भएनन् । उपनिवेशकालमा बचेको नेपाल आज नवऔपनिवेशिक कालमा भारतको नवउपनिवेशको अवस्थामा रहन पुगेको छ । विदेशीको अतिक्रमण चौतर्फी छ ।

माथि उठाइएका प्रश्नहरूमध्ये सबैभन्दा डरलाग्दो प्रश्न भनेको राजनीतिक नै हो । यो प्रश्न आन्तरिक प्रश्न पनि हो । किनकि नेपालले आफ्नो आनतरिक राष्ट्रियता मजबुत बनाउन सकेन । असफल भयो । यसको पछाडिको कारण भनेको विभिन्न जाति, समुदाय, भाषाभाषी, वर्ग क्षेत्र, लिंग र समुदायका बीचमा आन्तरिक राष्ट्रियता बलियो हुन सकेन । हामी नेपालीहरू विभाजित अवस्थामा रहयौं । बाँडिएर रह्यौं र फुटेर रहयौं । आन्तरिक रूपमा नेपालको राष्ट्रियता मजबुत हुन नकेपछि ‘भाइ फुटे गवाँर लुटे’को अवस्था सिर्जना हुन गयो । एकातिर सैन्य शक्तिका हिसावले कमजोर रहनु, अर्कातिर शासकहरू सधैं भारतपरस्त दलाल र चाकरीवाजहरूको बन्न जानु नेपाली राष्ट्रियताका अरु कमजोर पक्षहरू रहन गए । यसका साथै राष्ट्रिय शक्तिहरू सधैं किनाराका साक्षी र सीमान्तकृत भएर रहन पुग्नु यसका अन्य कारणहरू पनि भए ।

अहिले यिनै थिचिएका, मिचिएका र पहिचानका लागि लडेका जातजाति, भाषाभाषी, वर्ग, क्षेत्र, लिंग र समुदायहरूका राज्यहरू दिइएका छैनन् । उनीहरूलाई सबल बनाइएको छैन । मन, बचन र कमका हिसाबले नेपालीहरू फेरि पनि फुटाइएका छन् । आपसी विद्वेष पैदा भएको छ । ठीक यसैबेला भारतीय स्वार्थमा सत्तासिन बनाइएको नेकपाको पालामा ईपीजी गठन गरेर यसमार्फत् नेपालको कालापानीदेखि पूर्वसम्म अतिक्रमित १० हजार वर्ग किलोमिटर भूभाग नयाँ सम्झौतासहित भारतलाई बुझाइएको खुल्न आएको छ । यसवापत् इपीजीका एक सदस्य निलाम्बर आचार्य भारतीय राजदूतका रूपमा पुरस्कृत पनि भइसकेका छन् । भेषबहादुर थापा लगायतका इपीजीका अन्य सदस्यहरू पनि क्रमशः पुरस्कृत हुने लाइनमा बसेका छन् ।

यी सबै आन्तरिक राष्ट्रियता कमजोर हुनुका परिणति बन्न गएका छन् ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# राज्य, राष्ट्रियता र साम्राज्यवाद



कृष्ण गुरुङ

हरेक सर्वहारा वर्गीय राजनीतिक पार्टी क्रान्तिका साधन हुन्, तिनीहरूको कार्यनीतिक उद्देश्य र सत्ता साध्य हो । यो हासिल गर्नु लक्ष्य हुन्छ भने त्यो पूरा गर्ने भूमिका रणनीतिक दायित्वभित्र पर्दछ । प्रत्येक पार्टी सत्ताको अन्तर्वस्तुमा राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतासँग महत्वाकांक्षी वर्गीय अधिनायकत्व प्रतिविम्बित भएको हुन्छ । राष्ट्रियता भन्ने बित्तिकै राष्ट्रिय एकता भन्ने हुन्छ, राष्ट्र भनेको ‘नेशन’, जनता वा जाति हुन्छ । राष्ट्रिय एकता, जनता वा जातीय एकताले राष्ट्रियता बन्दछ । राष्ट्रियतासँग अभिन्न जोडिएको अर्को पाटो राष्ट्रिय स्वाधीनता, जहाँको हरेक जाति वा जनता आन्तरिक सीमाभित्र संस्थागत र स्वतन्त्र हुन्छ । जनता, राष्ट्र वा जाति बन्नका लागि ऊसँग स्वतन्त्र भाषा, संस्कृति, भेषभूषा र ओगटेको सघन भूगोल हुनु पर्दछ । तिनै भाषा, भेषभूषा, संस्कृति र जोडिएको भूगोल, प्राकृतिक स्रोत साधनमाथिको अधिकार, स्वायत्तता तथा स्वतन्त्रताले मात्र राष्ट्रिय स्वाधीनता हासिल गर्दछ वा बन्दछ ।

आन्तरिक सीमाभित्र जोडिएका भूगोल, भाषा, भेषभूषा, संस्कृति जाति वा जनताका अधिकारमाथिको स्वतन्त्रताले राष्ट्रिय स्वाधीनता बन्दछ । यी दुई पक्षसँग जोडिएको अर्को महत्वपूर्ण पक्ष सार्वभौमिकता, जो सत्ता शक्तिमा र त्यसैसँग जोडिएको आर्थिक विषयवस्तु पर्दछ । सत्ता भनेको शक्तिको स्रोत, जनता, जाति, राष्ट्रमा निहित राजनीतिक आर्थिक अधिकारको सर्वोच्चता भन्ने बुझ्नु पर्दछ । देश सत्तामा निहित जाति जनतामा राष्ट्रको सर्वोच्च शक्ति नै सार्वभौमिकता हो ।

सार्वभौमितकता, राष्ट्रियता, राष्ट्रिय स्वाधीनतासँग आधारभूत रूपमा जोडिएको महत्वपूर्ण पक्ष भनेको अर्को भौगोलिक अखण्डता हो । त्यसको धरातलबिना अरु कुनै पनि पक्षको कल्पना गर्न सकिदैन । तिनै राष्ट्र, जनता र जातिहरूको आन्तरिक सीमाभित्र निहित सर्वोच्चता, स्वतन्त्रता, स्वाधीनताको समग्र भूगोलमा व्यक्त सबैको समान राष्ट्रिय राज्य नेशन स्टेटको राष्ट नै त्यस देशको भौगोलिक अखण्डता हो । स्वतन्त्रता, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, सार्वभौमिक सत्ता र आन्तरिक सीमासँग जोडिएको अखण्ड भूगोल, अन्तर ष्टिय रूपमा व्यक्त सीमाना नै त्यो देशको भौगोलिक अखण्डता हो ।

हरेक देशमा राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, सार्वभौमितकता र भौगोलिक अखण्डतासँग जोडिएको अभिष्ट वर्गीय अधिनायकत्वले सत्ताको नेपथ्यबाट काम गरिरहेको हुन्छ । वर्गको चरित्र खासमा जनतन्त्र, जनजीकिाका जीवन व्यवहारसँग अर्थतन्त्रमा व्यक्त भएको हुन्छ । हरेक देशमा सञ्चालित सत्ताको स्वरूपले वर्गीय आधारहरू तयार पार्दछ । समाजवादी राज्य व्यवस्था भन्नाले सर्वहारा वर्गको अधिनायकत्वमा सबैखाले श्रमजीवी जनताको प्रतिनिधित्व भएको सत्ता हो । त्यहाँ हरेका प्राकृतिक र उत्पादन तथा उपभोग्य सबै वस्तुहरूमा पूर्ण रूपले सर्वहारा वर्गीय समाजको नियन्त्रण हुन्छ । उत्पादन, सहकारी, वित्तीय सहकारी, वितरण प्रणाली र आम उपभोक्ता तथा उपयोगिताको नीति संपूर्ण समाजवादी राज्यव्यवस्थाको नियन्त्रणमा हुन्छ ।

तर पुँजीवादी व्यवस्थामा भने हरेक कुरा पुँजीको नियन्त्रणमा, पुँजी व्यक्तिको नियन्त्रणहुँदै अन्ततः सबै साम्राज्यवादको नियन्त्रणमा हुन्छ । हरेक देश, समुदाय र व्यक्ति श्रम तथा उत्पादन र उपभोगले दोहोरो शोषणको गोलचक्करमा परिरहेका हुन्छन् । देशको भौगोलिक अखण्डता, सार्वभौमकता र राष्ट्रिय स्वाधीनता, त्यस देशको राष्ट्रियतामा मुखरित भएको हुन्छ र त्यस्तै राष्ट्रियता, जनतन्त्र र जनजीवीकासँग अन्तरसम्बन्धित छ । जनतन्त्र, जनजीवीका ग्यारेन्टी भएको राष्ट्रियता त्यस देशमा मात्र संभव हुन्छ, जहाँ जनवादी राज्य व्यवस्था लागू गरिएको हुन्छ । जनवादी राज्य व्यवस्था वर्ग संघर्षपछि मात्र संभव छ । जनवादी राज्य व्यवस्थाका दुई अनिवार्य कार्यभारहरू हुन्छन्, ती हुन् सामन्तवाद र साम्राज्यवादको अन्त्य । त्यसैले, जनवादी व्यवस्थाको अनिवार्य शर्त वर्गसंघर्ष हुन जान्छ ।

साम्राज्यवादको मूल बाटो पुँजीवाद हो भने पुँजीवादको मुख्य जग भनेको निजी स्वामित्वमा आधारित खुलाबजार अर्थतन्त्र हो । सामन्तवाद, जसले आन्तरिक राष्ट्रियता र स्वतन्त्रताको दोहन गरिरहेको हुन्छ । हरेक उत्पादनका साधनहरूलाई नियन्त्रण र सीमित गर्दछ, प्रत्येक नागरिक स्वतन्त्रताका आन्तरिक, भाषा, सांस्कृतिक, भेषभूषामाथि उत्पीडन गर्दछ र समग्रमा त्यसले क्षेत्रगत, जातिगत र लैंगिक आधारमा समाजलाई विविध प्रकृतिको विभेद र शोषण गर्दछ ।

सामन्तवाद र साम्राज्यवाद अर्थतन्त्रका हिसाबले सीमान्तकृत देशका लागि एउटै सिक्काका दुईवटा पाटा जस्ता भएका छन् । साम्राज्यवादको सामिप्यमा सिमान्तकृत देशहरूलाई अर्धसिमान्तकृत र आर्थिक केन्द्रिकृत दुवै प्रकारका देशहरूले दोहोरो शोषणमा पारेका हुन्छन् । जे होस् साम्राज्यवाद सामन्तवादसँग मिलेर शासन, सामन्तवाद साम्राज्यवादसँग मिलेर आर्थिक शोषण गर्दछन् र साझा रूपमा शोषण र शासन गर्दछन् । त्यसैले त्यस्ता देशहरू शोषण र उत्पीडनका हिसाबले अर्धसामन्ती तथा अर्धऔपनिवेशिक देश बन्न पुगेका हुन्छन् । सीमान्तकृत देशका जनताहरू दुईवटा खेमामा विभाजित भएका छन् । पहिलो, सामन्तवाद तथा साम्राज्यवादका प्रतिनिधित्व गर्ने दलाल पुँजीपति वर्ग र दोस्रो, उत्पादनका साधन सबै गुमाएका केवल म्यानपावरका रूपमा रहेका, त्यो देशमा रहँदासम्म बेरोजगारी र उपभोक्तामा परिणत भएका आम श्रमजीवी जनताहरू हुन् ।

देशको वर्तमान राष्ट्रिय अन्तरविरोध यिनै जातीय, उत्पीडन, छुवाछुत, लैंगिक र मधेश जस्ता विभेदमा पारिएका क्षेत्रीय भूगोल र अर्धसामन्त तथा अर्धऔपनिवेशिक प्रतिनिधि शासक दलाल सत्ताधारी वर्गबीचको शोषण र उत्पीडन नै हो । यो दुवै सामन्तवाद र साम्राज्यवादको अन्त्यपछि मात्र जनवादी व्यवस्थाको स्थापनामा संभव छ । यो दुवैको अन्त्य वर्ग संघर्षविना असंभव छ । वर्गंघर्षमा पनि जनवादी राज्य व्यवस्थाको स्थापना र त्यस कार्यका निमित्त सामन्तवाद र साम्राज्यवादको अनिवार्य शर्त हुन्छ ।

नेपाल सबैभन्दा पछाडी पर्नुका दुईवटा कारणहरू छन । एउटा आन्तरिक केन्द्रीकृत एकात्मक राज्यव्यवस्था, क्षेत्रीय जातीय, लिंगीय सांस्कृतिक उत्पीडन र त्यसले उत्पन्न गरेका सामाजिक आर्थिक असमानता, असन्तुलित, सामन्तवादी उत्पादन प्रणाली र शोषणमा आधारित विभेदकारी अर्थव्यवस्था हो भने दोस्रो सुगौलीसन्धिदेखि भारतको नेपालमा प्रभुत्व र पराश्रित अन्य दलाल पुँजीवादी साम्राज्यवाद बाह्य कारण रहेको छ । यो दुवै सामन्तवाद र साम्राज्यवादको अन्त्य पछि जनवादी राज्यव्यवस्थाले मात्र नेपालजस्ता उत्पीडित र सीमान्तकृत देशहरूको समस्या हल गर्न सक्दछ । जनवादी राज्य व्यवस्थाको अन्तरवस्तु भनेको स्वायत्तता, समानुपातिक, समावेशी, स्वशासन, आत्मनिर्णयको अधिकार आदि हुन । साँचो अर्थको यस्तो अन्तर वस्तुसहितको राज्यव्यवस्थाका लागि एकमात्र अचुक हतियार वर्ग संघर्ष हुन्छ ।

नयाँ जलप लगाएको पुरानै चरित्र र प्रवृत्ति विद्यमान रहेको राजनीतिक प्रणाली तथा पुरानै अवस्थामा जकडिएको र पिछडिएको आर्थिक, सामाजिक, सांस्कृतिक, भ्रष्टाचार, महंगी कालाबजारी, अनिवार्य श्रमको वैदेशिक पलयनताले गर्दा देशमा राष्ट्रिय उत्पादन र अर्थतन्त्र पूर्ण रूपमा ध्वस्तहुँदै साम्राज्यवाद नियन्त्रित एकाधिकार पुँजीवादी दलाल अर्थतन्त्र लागू भएकाले वर्तमान नेपालमा राष्ट्रिय अन्तरविरोध र अन्तर्राष्ट्रिय अन्तरविरोध एउटै सिक्काका दुईपाटा बन्न पुगेका छन् । हाल नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरविरोध एउटै ठाउँमा अवतरित भई एउटै जनवादी राज्यव्यवस्था कायम गर्नुपर्ने र त्यसको दुईवटा कार्यभार सामन्तवाद र साम्राज्यवादको अन्त्य अनिवार्य तथा त्यसको लक्ष्य हासिल गर्न वर्गसंघर्ष रणनीतिक उद्देश्य बन्न पुगेको छ । वर्तमान नेपालको विषम र असामान्य चरित्रको गठजोडबाट बनेको नेपाली (संविधान २०७३) सत्ता तथा ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

kailubraha73@gmail.com

कैलुब्राह

# नयाँ जुग

यतिखेर नेपाल मण्डलमा नयाँ जुगको सुभारम्भ भएको छ । अर्थात् पुरानो जुग सकिएको छ । अब एक्काइसौँ सताब्दी सकिएर बाइसौँ सताब्दीको सुरुआत भयो । अर्थात् पञ्चाङ्ग पात्रो अनुसार कलेर्गताब्दा यानेकि कलिजुग सकियो । दलिजुग यानेकि दलालजुगको आरम्भ भयो । यसलाई पञ्चाङ्गको भाषामा देलेर्गताब्दा भन्नु पर्ने हुन्छ । यो कुराको घोषणा नेपाल सरकारका पर्धानमन्तरी मिस्टर उखानप्रसादले तामझामका साथ गरेका छन् । अब नेपाल मण्डलमा पुरानो जुगको समाप्ती भएकाले त्यसको कुनै गुन्जाइस छैन । जुग बदलिएकाले यहाँका मनुखे पनि स्वतः बदिलिने कुरो भैगयो । अब कसैले पनि आफूलाई पुरानो छु भन्ने छैन । भन्न पाइने पनि छैन । सबै मनुखेजति नयाँ भए, सबै नयाँ भएकाजति मनुखे भए । नयाँ जुगका नयाँ मनुखे ।

नयाँ जुगको सुरुआत विजुलीका पोल पोलबाट सुरु भएको छ । यसलाई पोल जुग भने पनि हुन्छ । नेपाल मण्डलका पर्धानमन्तरीले करोडौं खर्च गरेर, उर्फ खर्च गर्न लगाएर राजधानीका पोल पोलमा आफ्नो फुटा टाँस्न लगाए । अब पर्धानमन्तरीलाई पोल पोलमा देख्न पाइने भयो । यो त नयाँ जुगको विकासे काइदा पनि हो । यो शान्ती र समृद्धीको ढाँचा अर्थात् नमुना हो । अब यी पोलहरूमा कुनै पनि रैती मनुखेले आफ्ना फुटा टाँस्ने वा झुण्डाउने गर्न पाइने छैन । कुनै मरे मारिएका ठिटा ठिटीको फुटा टाँस्न झुण्डाउन त झनै पाइने छैन । पर्धानमन्तर ीसँग जोरतोर भएर समान हैसियत देखाएको ठहरिने छ । अझ मरे मारिएका मनुखेको टाँस्दा त पर्धानमन्तरीलाई पनि मरेकोसँग तुलना हुने भएकाले त्यसो गर्न त अपराधै हुने छ । अटेरी गरेर कसैले भुण्डाएमा उसलाई यमराजका दैत्यहरू आएर तत्क्षण घोक्र्याउँदै लगेर झ्यालखानामा झुण्डाउने छन् ।

जुगको वर्णन पनि भिन्ना भिन्नै प्रकारको छ । धर्मकर्मको भाषामा सत्य जुग, त्रेता जुग, द्वापर जुग र कलि जुग । मनुखे जगतको आधुनिक भाषामा कविला जुग, सामन्ती जुग, पुँजीवादी जुग र साम्राज्यवादी जुग भनियो । यो पछिल्लो जुगलाई विज्ञान प्रविधिको भाषामा एक्काइसौँ शताब्दीको जुग पनि भन्दछन् । अब नेपाल मण्डलमा सरकारले जुगको नयाँ परिभाषा गरेको छ । त्यो हो दलाल जुग । दलाल जुगमा सबै कामकुरा दलाल मार्फत् गरिन्छ । जताततै दलालै दलाल फिट गरिन्छ । गाउँ वस्तीमा दलाल, सहर गल्लीमा दलाल । जल, जमिन, जंगलमा दलालै दलाल । मठ मन्दिरमा दलाल, स्कुल कलेजमा दलाल । बाटोघाटो र चौतारीमा दलालै दलाल छ । अड्डा अदालतमा दलाल, शासन प्रशासनमा दलाल । पार्टीमा दलाल, सरकारमा झन् महा दलाल छ । यसरी जताततै दलालै दला भएकाले यो दलाल जुग हो ।

जग्गा किनबेचमा दलाल, घरघडेरी किनवेचमा दलाल । उद्योगमा दलाल, कृषि उत्पादन र बेचबिखनमा दलाल । अस्पतालहरूका मालिक दलाल, स्कुल कलेज खोल्ने दलाल । तरकारी फलफूलका मण्डीहरूमा दलाल, सामान ओसारपसरमा दलाल । उत्पादनमा दलाल, बिक्रीमा दलाल । मालपोत, अदालत, प्रशासन, ठानाचौकी, भन्सार, कर, यातायात, विद्युत, टेलिफोन आदि इत्यादि सरकारी अड्डाहरूमा जताततै दलालै दलाल । नगरपलिका, गाउँपालिका, वडादेखी प्रदेश र देशका सरकारका मन्त्रालय मन्त्रालयहरूमा दलाल । असारे विकासमा दलाल । बाटाघाटा बनाउने दलाल, पुलपुलेसा बनाउने दलाल । खोलानदी बेच्ने दलाल, किन्ने दलाल । बजेट बनाउने दलाल, बजेट खर्च गर्ने दलाल । यसरी दलालहरू उत्पाद गर्ने कारखाना बनेको छ नेपाल मण्डल । सरकारवादी र सरकारको वरिपरि फन्का मारेर ढुकेर बसेका पाटीहरूमा दलालै दलाल । नेता दलाल, मान्य, मन्तरीदेखि पर्धानमन्तरी सबै दलाल । यसरी चारै दिशा चारै कुना, आकाश पाताल सबैतिर दलाल भएकाले यो जुग दलाल जुग रहन गएको हो । अहिलेसम्म वितेका जुगहरूमा यो दलाल जुग त नयाँ हो । त्यसैले नेपाल मण्डलका पर्धानमन्तरीले यो जुग आरम्भ भएको कुरा सगौरव घोषणा किन नगर्ने ? घोषणा गरे । दलाल जुगको घोषणा गर्ने माहामानव उर्फ महादलालको फुटा पोलपोलमा टाँसेर जुगजुगसम्म स्थापित त गर्नै परो । जसरी कुनै कुराको आविष्कार गर्ने वैज्ञानिक, दार्शनिक, विचारक, ऋषिमुनीहरूको नाउँ स्थापित भएको छ त्यसैगरी यत्रो जुगको घोषणा गर्नेलाई पनि स्थापित गर्नै परो । त्यसैले हाम्रा पर्धानमन्तरीको फुटा पोल पोलमा टाँस्नु सोह्रैआना मुनासिव कुरो हो ।

तलदेखि माथिसम्म दलालै दलाल भएकाले चुनाउमा पनि दलालले नै टिकेस पाउने हो । किनकि दलालसित पैसाको छेलोखेलो हुन्छ । यो दलाल जुगमा चुनाउ पनि पैसा हुनेले मात्रै जित्छ । ‘सोझा र सज्जन कवै नलिनु दलैमा, पार्टी चलाउनु सँधै छल औ बलैमा’, भनेर त अलवर भैऱ्याले उहिल्यै जयभुँडी लेख्दा भनेका हुन् । दलालले चुनाउ जितेपछि त मान्य, मन्तरी सबै दलाल हुने भैगयो । दलालहरूको महादलाल मात्रै पर्धानमन्तरी चुनिने कुरा भयो । यिनलाई सञ्चालन गर्न छिमेक हुँदै सातसमुन्द्र पारिबाट दलालहरू खटिखटाइएका छन् । तिनले एनजिओ आइएनजिओ खोलेर ढडिया थापेर बसेका छन् । यसरी दलाल युगमा फड्को मारेको हुनाले त्यसको विधिवत घोषणा भएको हो । हुन त यो दलाल युग नेपाल मण्डलमा अलि पहिलादेखि नै सुरुआत भएको थियो । तर, अहिले त्यो निकै विकसित, समृद्ध र क्रम भङ्ग गर्दै गुणात्मक छलाङ हानेको हुनाले पर्धानमन्तरीले सगौरव घोषणा गरेका हुन् । दलाल जुगको जय हो, दलाल जुगको जय हो । महादलालको जय हो ।

*१६ मङ्सिर २०७५*

# देशव्यापी रूपमा आन्दोलनलाई संगठित गर्दैछौं

## हरिभक्त कँडेल 'प्रतीक', प्रवक्ता- नेकपा (क्रान्तिकारी माओवादी)



***देशमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल बनेर गएका छन् । जनताले विकल्प खोजिरहेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) ले आफूलाई विकल्पका रूपमा कसरी तयार पारिरहेको छ ?***

प्रश्न धेरै गम्भीर प्रकारको उठाउनु भएको छ । देशको स्थिति भयावह नै छ । देशमा वामपन्थी नाम गरेको पार्टी सरकारमा छ । यसले चुनावताका निकै रंगीचंगी सपनाहरू जनताका बीचमा बाँडेको छ । यी सपना र बाचाका विरुद्धमा सरकारले पाइला चालिरहेको छ । यसका कारण विभिन्न तह र तप्काका जनता आज निराश छन् र उनीहरूमा वितृष्णा पैदा हुँदै गएको छ । जनताका बीचमा यी कम्युनिष्ट भन्नेहरूले पनि केही गर्न सक्दा रहेनछन् भन्ने नकारात्मक सन्देश प्रवाह हुन थालेको छ ।

उनीहरूले कम्युनिष्टको नाममा कम्युनिष्टलाई नै बदनाम गर्ने काम गरिरेका छन् । हामीहरूले उनीहरू कम्युनिष्ट नै होइनन् भनेर जनताका माझमा लगिरहेका छौं । उनीहरूले एकपछि अर्को गरी राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरू थप समस्यातर्फ धकेल्दै देश र जनतालाई घात गर्दै गइरहेका छन् । दलालीको प्रक्रियालाई तिब्रता दिएका छन् । यो स्थितिमा जनताले निकै असुरक्षाको महसुस गरिरहेका छन् । भ्रष्टाचार निकै मौलाएर जान थालेको छ । पहिलेदेखि चलिरहेको भ्रष्टाचार अहिले झनै संस्थागत भएर गएको छ ।

नारामात्र हेर्दा त उनीहरूले साँच्चै नै जनताका हुन् कि त भन्ने जस्ता भ्रम पनि दिएका छन् । नारामा निकै गुलिया बनाएकाछन्- 'समृद्ध नेपाल सुखी नेपाली' ।

तर व्यवहारमा यसको ठीक विपरीत काम गरिरहेका छन् । यस्तो अवस्थामा क्रान्तिकारी धार बोकेको हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले नेपालमा यो सत्ता, यो वर्ग र यो संविधान रहेसम्म नेपाली जनताले नयाँ खालको अनुभूति गर्न सक्दैनन् भनिरहेको छ । अहिले जनताले यिनीहरूले ठीकै भनेका रहेछन् भन्ने महसुस गरिरहेका छन् । त्यो आशालाई हाम्रो बुटबलमा बसिरहेको केन्द्रीय समितिले बैठकले सम्बोधन गर्ने गरी छलफल अघि बढाइरहेको छ । जनताका इच्छा, आकांक्षा र अभिलाषाहरू यस्ता छन् भनेर ठोसठोस कुराहरू उठाइएको छन् । यसको आधारमा अहिल्यै नै हाम्रो पार्टी सशक्त विकल्पका रूपमा अघि बढिहाल्ने छ भभन्ने त भन्न सकिदैन, तर हामी नै विकल्प भने हौं । यो पार्टीले पहलकदमी लिन्छ र लिनुपर्छ भन्नेमा पार्टीमा एकमत छ ।

***जनताका माग र आवश्यकताबाट सरकार जसरी पछि हटेको छ, यस अवस्थामा जनताको वैकल्पिक शक्तिले जनतालाई विश्वस्त पार्ने खालका योनाहरू बन्दै छन् ?***

हामीले यसका बारेमा राम्रो छलफल गरेका छौं । मुख्य रूपमा राष्ट्रियताको सवाल हाम्रा अगाडि ज्वलन्त बनेर आएको र राज्यले यसलाई पूरै आँखा चिम्लेको तथा भारतीय विस्तावादका अगाडि पूरै लम्पसार परेको अवस्था छ । यो ककुरा व्यवहारिक रूपमा जनताले नै अनुभूत गरिराखेका छन् । ठाउँ ठाउँबाट यसखाले आत्मसमर्पणवादी सरकारी रवैयाको विरोध गरिरहेका छन् । यति बेला क्रान्तिकारी पार्टीले यी जनताहरूलाई गोलबन्द गर्ने र देश तथा जनविरोधीहरूका बारेमा भण्डाफोर गर्ने गरिरहेको छ ।

क्रान्तिकारी माओवादीले आम जनसमुदायको बीचमा लगेका कार्यक्रमहरूलाई जनताले स्वीकार गरिरहेका छन् । जनताका आवाजहरूको अभिभावकत्व लिनुपर्छ र यी सबैलाई ठोस बनाएर अघि बढाउनु जरुरी पनि छ । हामीले सोचिरहेका छौं कि हाम्रो पार्टीको निर्णयले अहिलेका देश र जनताका समस्याहरूलाई कहीं न कहीं प्रतिनिधित्व गर्न सकोस् । त्यति ठूला भीमकाय परिवर्तन नै ल्याउन नसक्ने भए पनि केही न केही जनताका आवाज संबोधन गर्ने जनतालाई वरिपरि गोलबन्द गर्ने र फराकलो ढंगले जान गरी सोचिरहेका छौं ।

हामीहरूले जनसंघर्षका, जनआन्दोलनका र वर्गसंघषका विविध स्वरूपहरूलाई जोडेर लैजानुपर्छ । देश र जनताका समस्याहरूलाई केन्द्र विन्दुमा राखेर जानु पर्दछ । देश असफतातिर जाने जनता निरासातिर जाने खतरालाई रोक्न सक्नुपर्छ । यसो गर्न सकिएन भने नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र सार्वभौमसत्तामाथि ठूलो दुर्दशा आइलाग्न सक्छ । साम्राज्यवादको हस्तक्षेपको दायरा बढ्दै जाने र तिनका नेपाली दलालहरूले नेपाली जनतामाथि उत्पीडन थोपरिरहने स्थितिको अन्त्य हुनु पर्छ । जनताले विद्रोह देखेका छन् । त्यसको नेतृत्व गर्नसक्ने एक सक्षम क्रान्तिकारी पार्टीको निर्माण प्रश्न आजको ज्वलन्त आवश्यकता बनेर आएको छ । यो हाम्रालागि सकारात्मक चुनौती हो । वर्तमान ओली सरकारमाथि देश र जनताका विरुद्धमा गरेका कामकार्यहरूले देखा परेको चुनौती नकारात्मक चुनौती हो । उनीहरूका विरुद्ध जनशक्ति आक्रामक हुँदै गइरहेको छ, हामीहरूको वरपर जनशक्ति केन्द्रित हुँदै आइरहेको छ । हामीले विनम्र भएर देश र जनताका समस्याहरू समाधान गर्नतिर लाग्नु पर्छ ।

हाल उनीहरूले प्रयोग गर्दै आएका नेपाली सीमा अतिक्रमित गलत नक्साहरू प्रयोगका विरुद्धमा कार्यक्रमहरूलाई देशव्यापी बनाएर लैजादै छौं । जनताले यसै विषयलाई लिएर केही गल्ती गरेको भनी आफूहरूको कमी कमजोरी पनि भन्न थालेका छन् । जनताको यो बुझाई निकै उच्चस्तरको श्रेष्ठ बुझाइ हो । अब त स्थिति हेर्दा विद्रोह पार लगाउन कसै न कसैले नेतत्व गर्नुपर्ने जरुरी देखिएको छ । हामीले यसका लागि भरपर्दो वैकल्पिक शक्तिका रूपमा तयार पारिरहेका छौं ।

***तपाईंहरूले वर्गीय संघर्षका कुरा गर्दैगर्दा पछिल्ला कालखण्डमा धर्मलाई कभर बनाएर नेपालका निकै गतिविधिहरू भइरहेका छन् । यसले देशलाई धार्मिक युद्धतिर त लैजादैन ?***

नेपालमा लामो समयदेखि एकातिर भारतीय विस्तारवाद र अर्कोतिर पश्चिमा साम्राज्यवादले नेपाललाई आआफ्ना चंगुलमा कसरी पारिरहने भनेर निरन्तर कसरत गरिरहेका छन् । चीनको पनि आफ्नै स्वार्थहरू रहेका छन् । यसमा उनीहरू धर्मका नाममा एकअर्कामा लडाइँ पनि गरिरहेका र शेयर पनि गरिरहेका देखिन्छन् । भारतले नेपालको समस्या पछिल्लोपटक चीनसँग राखेर हल गर्न खोजिरहेको देखिन्छ ।

जे होस्, उनीहरूले नेपाललाई एउटा भूरणनीतिक महत्वको क्षेत्र, कमजोर र दलाल मनोवृत्तिका शासकहरू, गरीबी र अभाव आदिलाई आफ्ना पक्षमा लिन चाहिरहेका देखिन्छन् । अहिले युपीएफले एउटा धार्मिक कार्यक्रम गरेर गयो । यसका पछाडी पनि उनीहरूका स्वार्थहरू रहेका छन् । यहाँको सरकार ४ पैसामा बिक्रि हुन्छ । यसले पनि यस्ता गतिविधिहरूलाई बढावा दिएको छ ।

पैसा फालिदिएपछि जे पनि गर्न दिने ओली-दाहाल मण्डली जो सत्तामा छ, यो मगन्ते मण्डलीका कारण पनि विदेशीहरू नेपालका आआफ्ना स्वार्थका कामहरूलाई अघि बढाइरहेका छन् । ओलीदाहाल मण्डलीका काम भनेको कम्युनिष्ट पार्टीलाई बदनाम गर्ने, देशका सम्पिहरू बेच्ने, प्राकृतिक स्रोतसाधन अरुका हातमा पारिदिने र पैसा कुम्ल्याएर मोजमस्ती गर्ने रहेकाले पनि यो बाह्य हस्तक्षेप र तिनका गतिविधि बढ्न गएको हो । राष्ट्रिय स्वाधीनतालाई यसले निकै कमजोर बनाएर लगिरहेको छ । यसले पनि जनतालाई निकै आक्रोशित बनाइरहेको छ ।

***यी सारा समस्याहरूलाई हल गनका लागि क्रान्तिकारीहरूबीचमा एकता आवश्यक छ । के कसो गरिरहनु भएको छ ?***

यी विषयहरूमा हामीले गंभीरतापूर्वक छलफल गर्दै आइरहेका छौं । यसका केही सकारात्मक पक्षहरू पनि छन् । जसलाई विचार, सिद्धान्त र राजनीतिका हिसाबले जोजो नजिक छौं, ती सबैका बीचमा वैचारिक स्तरमा छलफल चलाएका छौं । हेर्दा परिणाम त हात लागेको छैन, तर हामी निरन्तर मेहनतमा छौं । थाकिसकेका भने छैनौं । हामीहरूले क्रान्तिकारीहरूलाई एकजुट बनाउने र ध्रुवीकरण गर्ने कुराहरूलाई इमान्दारिताका साथ लिएका छौं र हामीले नै त्यसको नेतत्व गर्नु पर्छ भन्ने पक्षमा पनि छौं ।

जनसमुदायबाट पनि त्यस्तो अपेक्षा भएको छ र जनता चाहन्छन् यो कायभार यही पार्टीबाट पूरा होस् । यसले नै पहलकदमी लेओस् भन्ने गरिरहेका छन् । कुनै न कुनै रूपमा हामीले सहयोग पुऱ्याउने छौं पनि जनताले भनिरहेका छन् । त्यो अपेक्षालाई पूरा गर्न हाम्रो पार्टी टिमबद्ध भएर जान जरुरी छ । हामीले यसै उचाइमा छलफल गरिरहेका छौं र यसलाई संश्लेषण गर्ने तयारीमा पनि छौं ।

यो हामीहरूका लागि सकारात्मक चुनौती हो । यो हामीले प्रतिबद्धताका साथ अघि बढाउनु पर्छ । यो हाम्रालागि अवसर पनि हो । भारतले सीमा मिचिराखेको छ, महँगी बढिराखेको छ, हत्या र बलात्कारका घटनाले सीमा नाघेको छ, जनतामा भय र त्रासदीले घर गरेको छ, यस्तो अवस्थामा हामी जनताको साथ अघि बढ्नै पर्छ । जनताले निकास खोजिरहेका छन् ।

हाल विदेशमा रहेका नेपालीहरू पनि नेपालमा केही न केही परिवर्तन होस् भन्ने चाहन्छन् । म अमेरिकाको भ्रमण गरेर भर्खरै आए । अमेरिकामा रहँदा केही ठाउँहरूमा नेपालीहरूसँग अन्तरक्रिया, भेटघाट र छलफल पनि भयो । उनीहरूले भन्ने गरेका छन्- नेपालमा वाम पार्टीको सरकार आयो, अब त केही हुने छ तर केही पनि भएन । अब तपाईंहरूले केही न केही त गर्नुपर्छ । नेपालमा एउटा ठूलो विद्रोहको खाँचो छ । त्यो विद्रोहको नेतृत्व तपाईंहरूले गरिदिए हुने थियो भन्ने अपेक्षा पनि उहाँहरूको छ । राजनीति र सुसंस्कृत चेत भएको नेतृत्व हाल क्रान्तिकारी माओवादीमा मात्र छ भनेर ती छलफलहरूमा उठेका पनि थिए ।

तर यी सबै तयारी आजको भोलि त हुँदैनन् । यसका लागि केही तयारी त चाहिन्छ नै । यो पार्टी लामो अनुभवले खारिएको छ । क्रान्तिलाई धोखा दिने खलपात्रका रूपमा प्रचण्डको नाम पनि लिएका थिए केही अन्तरक्रियाहरूमा । तर त्यहाँ रहेका जनताको पनि गहिरो घृणा छ प्रचण्डप्रति । उनले दिएको धोखा, उनले गरेका गद्दारी र हाल उनले निर्वाह गरिरेको निम्नकोटीको भूमिका बारेमा पनि विदेशमा बस्ने नेपालीहरूको गहिरो क्षोभ छ ।

उहाँहरूको भनाइ छ 'तपाईंहरूले बेलैमा प्रचण्डजस्ता देश तथा जनघातीलाई छाड्नु भएको रहेछ भनी कुरा पनि राखेका थिए । विम्रताका साथ हामीले यो सल्लाहलाई आत्मसात् गर्नुपर्छ र हाम्रा मोर्चाहरूलाई फराकिलो बनाएर जानु पर्छ । हामीले संघर्षका तयारीका बाँकी अवयवहरूलाई पनि पूरा गर्दै जानु पर्छ ।

***क्रान्तिकारी माओवादीले नक्कली नक्साहरू प्रयोग गरिएका विरुद्ध अनुगमन गरिरहेको छ । यसका बारेका अरु केही थप कामहरू गर्ने सोच्नु भएको छ ?***

यसलाई मुख्य आन्दोलनसँग जाडेर लैजानु पर्छ । सापेक्षतामा ससाना संघर्षहरूलाई सिर्जनात्मक रूपले अगाडि बढाउनु पर्छ । काठमाडौंमा सफल भएका आन्दोलनहरू अन्यत्र विस्तार गरी देशव्यापी बनाउनु पर्छ । अन्यत्रका आन्दोलनलाई पनि काठमाडौंले सिक्नु पर्छ । केन्द्रीय तह र स्थानीय तहको आन्दोलनहरूको सम्बन्ध र सन्तुलन मिलाउनु पर्छ । संघर्ष तल र माथि दुवैतिरबाट चलाउन सक्नु पर्छ । यी संघर्षका कार्यक्रमहरूलाई उत्कर्षतिर पुऱ्याउन फाल्गुन १, चैत्र २४ र मे दिवसलाई लक्षित गरिएको छ । विभिन्न तहमा उठेका आन्दोलनहरूलाई समग्रतामा जोड्ने प्रयास गर्नुपर्छ । सबै आन्दोलनहरूलाई जिम्मेवारीपूर्वक नेतृत्व गर्न सक्नुपर्छ । अहिले हाम्रा अगाडि रहेका चुनौतीलाई सम्भावनाका रूपमा देख्नुपर्छ । त्यसका लागि योजनाबद्ध संघर्ष उठान गरेर लैजानु पर्छ । यसका लागि राम्रो खालको बहस र तदनुरूपको केन्द्रीकरणको जरुरी छ ।

***भनेपछि यो बैठक निरन्तरतामा क्रमभंगको बैठक हुन्छ ?***

साना सना क्रमभंग त हामीले हरेक बैठक पछाडि गर्दै आएका छौं । यो बैठकले विगतका बैठकहरूको तुलनामा अलि माथिको क्रमभंग भने गर्छ । हामीले त्यही उचाइका साथ बैठकमा छलफललाई केन्द्रित गरेका छौं । त्यो उचाइ हासिल नगर्ने हो भने हामीले अहिलेका चुनौतीको सामना गर्न सक्दैनौं । अहिलेको परि स्थितिमा हामी चुप लागेर बस्ने, केही नगर्ने हो भने त हाम्रो पार्टीको औचित्यमाथि नै प्रश्न चिन्ह खडा हुन्छ । यसलाई हाम्रो केन्द्रीय समितिले गहिरो गरी महसुस गरेको छ । त्यसकारण हामीले क्रमभंगकै बैठक बनाउने कोशिस गरिरहेका छौं ।

***अन्तमा, विगत जनयुद्ध, जनआन्दोलनका सहिद, वेपत्ता परिवार, घाइते, आमूल परिवर्तनका पक्षधर जनताले क्रान्तिकारी माओवादीको यो बैठकलाई एउटा आशाको नजरले नजिकबाट हेरिरहेका छन् । ती सबैमा के आव्हान तथा अपील गर्न चाहनुहुन्छ ?***

यो पार्टी सर्वहारावर्ग, उत्पीडित वर्ग, जाति तथा समुदायको प्रतिनिधि र नेतृत्वदायी पार्टी हो । यस हिसाबले जनताको अपेक्षा भनेको हाम्रो अपेक्षा हो । त्यसलाई ठीक ढंगले आत्मसात गर्नुपर्छ । सहिद, वेपत्ता, घाइते परिवारलाई संगठित गर्ने, जनयुद्धका सहिदहरूलाई राज्यलाई सहिद घोषणा गरेको छैन, त्यसका लागि दबाबमूलक संघर्ष गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक छ । जनयुद्धका महान सहिदहरूलाई राज्यले सहिदको दर्जा दिनुपर्छ । हामीले त्यसको लागि आन्दोलनको विकल्प देखेका छैनौं । साम्राज्यवादीहरूको दलालीमा टिकेका सत्ताधारीहरू खासगरी डबल नेकपाका नेताहरू साम्राज्यवादको दलाल बनेका छन् । अब सहिदहरूलाई न्याय दिलाउनका लागि सहिद वेपत्ता परिवारहरू आन्दोलित बन्नैपर्छ । यसका अतिरिक्त राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई लिएर अब हामीले देशव्यापी रूपमा आन्दोलनलाई संगठित गर्दैछौं । वर्तमान दलाल राज्यव्यवस्थाको वैकल्पिक शक्तिको रूपमा हामी अगाडि आउँदैछौं । आमूल परिवर्तनको यो आन्दोलनमा सरिक हुन, साथ दिन हामी आम जनसमुदाय, जनयुद्ध जनआन्दोलनका सहिद तथा वेपत्ता परिवार, घाइतेलगायत आम क्रान्तिकारी पंक्तिलाई हार्दिक आव्हान गर्न चाहन्छौं ।

**यो पार्टी सर्वहारावर्ग, उत्पीडित वर्ग, जाति तथा समुदायको प्रतिनिधि र नेतृत्वदायी पार्टी हो । यस हिसाबले जनताको अपेक्षा भनेको हाम्रो अपेक्षा हो । त्यसलाई ठीक ढंगले आत्मसात गर्नुपर्छ। सहिद, वेपत्ता, घाइते परिवारलाई संगठित गर्ने, जनयुद्धका सहिदहरूलाई राज्यलाई सहिद घोषणा गरेको छैन, त्यसका लागि दबाबमूलक संघर्ष गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक छ**

# प्रम ओलीको 'सामाजिक सुरक्षा योजना'को रंगिन बेलुन

काठमाडौं । प्रधानमन्त्री केपी शर्माओलीले सामाजिक सुरक्षा योजनाहरूको प्रचार सामग्री लिएर जनताका माझमा मंगलवार उपस्थित राजधानी सहर काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा निकै सजधजका साथ उद्घाटन गरे । उनको यो प्रचार मुखी योजनाहरूलाई विश्लेषकहरूले 'अर्को रंगीन बेलुन उडान' को संज्ञा दिएका छन् ।

प्रम ओली आफैले अपत्यारिलो भाषाको प्रयोग गर्दै 'नयाँ युग' को सुरुआत भनिदिएपछि जनतामा हाँसो उठिरहेको छ । जनतालाई सेवा र सुरक्षा प्रदान गर्नु सरकारको प्राथमिक दायित्व हो । यो कुरा कसैका माझमा लुकाउनु पर्दैन पनि । सामाजिक सुरक्षा अन्तर्गत् घोषणा गरिएका कार्यक्रमहरू केही त राम्रा पनि छन् । सीमित संख्यालाई समेट्न र आवद्ध गर्न सकिए पनि राम्रो हुने छ ।



तर सरकारले निकै हल्ला खल्ला गरिरहेको छ, काम गर्न थालिएको छ भनेर । तर परिणाम केही पनि छैन । नौमहिनाको कार्यकालमा सरकारी काम फुस्सा साबित भएको छ । सरकारले गरेका कुराहरू हावामा उडाइएका बेलुन जस्ता बनेका छन् । त्यसैले पनि सामाजिक सुरक्षाका कुराहरूमा जनताको त्यत्रो विधि आकर्षण र चासो छैन ।

वादशाहका आधुनिक कपडा नेपाली जनताले देखिसकेका छन् । जुलाहाहरूले निकै मेहनत गरिरहेका स्वाङ पारिरहेका देखिन्छन् पनि । तर जनताका आँखाले नदेखिने कपडाहरूको निकै चाङ लाग्न पुगेको प्रचार भइरहेको छ । प्रम आफैले यसको बखान गर्न समय पाइरहेका छैनन् । तर जब जनताका बीचमा प्रम आउँछन् वा देखा पर्दछन्, उनी नांगै हुने गरेका छन् । मंगलबारे 'सामाजिक सुरक्षा योजना'मा पनि उनी नांगै देखा पर्ने अवस्थामा नजाऊन् ।

भर्खरै मात्र सरकारी चौमासिक समीक्षा हेर्दा थाह लाग्छ, 'चरीको खुट्टी देखेर पत्याएँ' । निर्मला पन्तको बलात्कार र हत्यापछि अन्य निर्मलाहरूको दैनिक भइरहेको बलात्कार, बेचबिखन, यौन हिंसा, बोक्सीको आरोप, छाउ गोठ तथा अन्य विभेदकारी कुराहरू जस्ताको तस्तै छन् । अर्बौंको विमान घोटाला, दसै, तिहार र छठमा चिनी कमिसन, एयरपोर्ट निर्माणका नाममा वन फँडानीका योजना कायमै छन् । देशभर काठ तस्करी र सरकारी संरक्षण, सुनको योजनाबद्ध तस्करी, रक्त चन्दनको व्यापार र नदीहरूको लिलाम बढाबढमा बेचबिखन भइरहेको छ । सबैको साझा प्रश्न छ- युवाहरूलाई देशमा रोजगारी दिनुभन्दा विदेश तस्करी गर्ने र आफूहरू महंगा गाडी खरिद तथा आलिशान बंगलाहरू निर्माणमा लागेको माफियाको सरकार नाटकीय रूपमा कसरी वास्तविक सामाजिक सुरक्षाको कार्यक्रम लिएर आउन सक्छ ?

विश्लेषक तथा जनताको भनाइमा यो एउटा रंगिन बेलुन हो, जो उडाएको केही क्षणमा नै फुटेर जाने निश्चित छ ।

## महिला बेचबिखनको नयाँ तरिका

काठमाडौं । पहिले भारतको मुम्बइमा लगेर बेचिने नेपाली महिलाहरू अहिले रोजगारीका नाममा समुद्रपारका देशहरूमा पनि बेचिन थालेका छन् । विशेष गरी अफ्रिकी मुलुकहरूमा नेपाली महिलाहरूको निकै माग रहेको र दलालहरूको पञ्जामा परेर नेपाली महिलाहरू त्यहाँ पुर्‍याइने गरिएको बताइएको छ । नेपाली महिलाहरू त्यहाँका डान्सबारहरूमा काम गर्ने गरिरहेका पाइएका छन् । नेपाली महिलाहरूमध्ये अधिकांशलाई वैदेशिक रोजगारका नाममा त्यहाँ पठाइने गरिएको खुलेको छ । केही त आफूखुशी डान्स बारमा त्यहाँ गएको बताएका छन् भने धेरैले भने वैदेशिक रोजगारका नाममा झुक्याएर लगिएको बताउने गरेका छन् ।

महिला हिंसाविरोधी १६ दिने अभियान चलिरहँदा नेपालबाट संसारका विभिन्न देशहरूमा बिक्रि गरिने नेपाली महिलाहरूको संख्यामा निकै बढोत्तरी आएको माइती नेपालले जनाएको छ । यसबारे गहिरो चिन्ता जाहेर गर्दै माइति नेपालले सरकार तथा सम्बन्धित पक्षहरूसँग सहयोगका लागि अपिल पनि गरेको छ । तर सरकार भने वैदेशिक रोजगारीका नाममा महिलाहरूलाई पनि विदेशमा पठाउने मकानुन निर्माणाको आवश्यकता बोध भएको ठहरमा पुगेको छ ।

यस्तो अन्तरविरोधी सोच र सामाजिक वातावरण भएको बेला महिलामाथि हुने हिंसा र त्यसको सबैभन्दा ठूलो रूप बेचविखनलाई नियन्त्रण र अन्त्य गर्न सरकारीस्तरबाटै नयाँ सोच र कार्यक्रमको जरुरी हुन जान्छ ।

# लेखा समितिको कर्के नजरमा पर्यटन मन्त्री अधिकारी

काठमाडौं । पर्यटन मन्त्री रविन्द्र अधिकारीले यदि वाइड बडी विमानमा घोटाला भएको छ भने आफूले राजनीतिबाट सन्यास लिने घोषणा गरेका थिए । निकै केटौले र अपत्यारिलो आदर्श वाक्य बोलेका अधिकारीको अब भने अग्नि परीक्षाका दिन आएका छन् । वाइडबडी विमानमा भएको अर्बौं डलरको घोटालामा संसदको सार्वजनिक लेखा समितिले विमान खरिदका कानूनी कागजातहरू बुझाउन निर्देशन गरेपछि आधिकारिक रूपमा यो घोटाला सार्वजनिक भई सबैको ध्यानाकर्षण हुन गएको छ ।

कहिले किनेर ल्याएको त कहिले भाडामा ल्याएको भनी पटकपटक जनतालाई ढाँट्दै र ठग्दै आएका पर्यटनमन्त्री अधिकारी र वायुसेवा निगमका प्रमुख सुगतरत्न कंसाकार अब लेखा समितिको फन्दामा पर्न गएका छन् । हुन त संसदीय लेखा समितिले यस्ता विषयमा निकै कुरा उठाउने तर सम्बन्धित निकायबाट कहिल्यै पनि त्यसबारेमा सुनुवाइसम्म पनि नगर्ने गरेको संसदीय इतिहास साक्षी छ । तर देश र जनतालाई गुमराहमा राख्ने, देशको राष्ट्रिय ढुकुटीको दोहन गर्ने जनविरोधी भ्रष्टाचारीहरूको अनुहार जनताका बीचमा उदाङ्गो पारिनु एकहदसम्म राम्रो कुरा पनि हो ।

कङ्साकारले वाइड बडी भित्रन पाएको छैन, त्यसलाई सुरुमा नै 'एयर बस' भनेर प्रचार गराउने र लिखतहरूमा त्यही लेख्न लगाउने गरेका थिए । असार-साउनमा खरिद प्रक्रिया पूरा गरी भित्र्याइएका दुई वाइड बडी विमानहरूमा सुरुदेखि नै करोडौंको घोटाला भएको कुरा सार्वजनिक चासोका रूपमा उठिरहेको थियो । यो विवाद खरिद प्रक्रिया लगत्तै आएपछि अधिकारीले निगमका प्रमुखमा हेरफेर पनि गरेका थिए । तथापि, यो कुरा लुक्न र लुकाउन भने सकेका थिएनन् ।

वाइड बडी भित्र्याउँदा निकै स्याल हुइँयूया फिंजाएका अधिकारी र कंसाकार आजभोलि भने तैं चूपमै चूपको अवस्थामा छन् । यी वाइड बडीका जहाजहरू नियमित दैनिक उडानमा छैनन् । प्रत्येक दिन करिब सवा एक करोडको घाटामा रहेका यी विमानले उडानका ठाउँहरू पाउन सकेका छैनन् । दैनिक १८ घण्टा उडान क्षमता राख्ने यी विमानहरू ग्राउण्डेड जस्तै अवस्थामा रहेका छन् । हरेक वाइड बडी विमानको दैनिक १८ घण्टा उडान हुनु पर्नेमा मात्र ५ घण्टा गरेर बाँकी १३ घण्टा उडान काम नपाएर रोकिएपछि निगम डुबिसकेको छ । यी विमानहरू सुरक्षाका हिसाबले पनि उपयुक्त नभएकाले अन्तर्राष्ट्रमा यसलाई उडान अनुमति नदिइएको कुरा सार्वजनिक भएको छ ।

उडान बजारको ग्यारेन्टी नगरेर यस्ता ठूला तर कमसल खालका विमानहरू भित्र्याएर निगम प्रमुख कंसाकार र मन्त्री अधिकारीले देश र जनतालाई निकै ठगी गरेका छन् । वाम भनिएको पूर्व एमाले र पूर्व माओवादी केन्द्र भ्रष्टाचारका अखडाहरू भएको जनताका अगाडि छर्लंग भएको छ ।

यी कुराहरूलाई ओझेलमा पार्ने उद्देश्यले प्रम केपी ओलीले नयाँ युगको लेपनसहित सामाजिक सुरक्षाका कार्यक्रमहरू लिएर आए पनि जनताका माझमा रहेका असन्तुष्टिहरू अझ व्यापक भएर गएका छन् । जनताले भन्न थालेका छन्- 'सके राम्ररी शासन व्यवस्था चलाउनु, नसके बिगार्ने काम त नगर्नु  नि !'

# 'गुट' बन्नु नै 'गुड' भएको कांग्रेसी ठहर

काठमाडौं । प्रतिपक्षमा होइन, प्रतिरक्षामा रहेको कांग्रेस आफ्नै आन्तरिक कारणहरूले चर्चामा आउने गरेको छ । यस पाला नेपाली कांग्रेस आफ्नै भित्रका गुट र गिरोहहरूका ध्रुवीकरणका प्रक्रियाका कारणले चर्चामा आएको छ । यस्तो खाले चर्चामा आउनु कांग्रेसका लागि सुखद भएको यसका नेताहरूले बताउने गरेका छन् । कांग्रेस महासमितिको वैठक, महाधिवेशनको तयारी र गुटका भेला तथा ध्रुवीकरण एकै समयमा हुने गरेका छन् ।



यही मंसीर महिनाभित्र हुन गइरहेको कांग्रेस महासमितिको वैठकमा पार्टीको विधान संशोधन आआफ्नो पक्षमा पार्ने निहुँ बनाएर भइरहेका यी चलखेलहरूले पार्टी बलियो हुने पार्टी सभापति शेरबहादुर देउपाले बताएका छन् । केही पनि गतिविधि नआएको नेपाली कांग्रेस पार्टीमा गुटगत भए पनि क्रियाशीलता आउनु उनका लागि खुशीको कुरा भएको छ । एकातिर, शेरबहादुर देउवा आफ्ना मान्छेहरूको मिटिङ बसारिहेका छन् भने अर्कोतिर कोइराला पक्षधर कांग्रेसीहरू आफ्नै बसाइमा लगेका छन् । अझ अर्कोतिर रामचन्द्र पौडेल आफ्नै गुटगत भेला र छलफल निरन्तर चलाइरहेका छन् ।

कोइराला खेमामा हिन्दु धर्मको चर्चा भइरहेको छ । धर्म निरपेक्षताको बारेमा जनमतसंग्रहका कुराहरू चलिरहेका छन् र यसलाई राष्ट्रिय एजेण्डाका रूपमा ल्याउने कांग्रेसी तयारी रहेको देखिन्छ । यो एजेण्डालाई कांग्रेसी महाधिवेशनमा मूर्तता प्रदान गरिने देखिएको छ । कांग्रेस महामन्त्री सशांक कोइराला यो एजेण्डालाई कांग्रेस र वैधानिक राजतन्त्रको वीपीको मार्गदर्शनका रूपमा अघि बढाउने पक्षमा छन् । शेखर कोइराला पनि यसको विरोधमा देखएका छैनन् ।

शेरबहादुर देउवादेखि रामचन्द्र पौडेल र सशांक कोइरालासम्ममा यी गुटगत भेलापछि 'कम्प्रोमाइज' गरिने साझा धारणाहरू सतहमा आउन थालेका छन् ।

# देजमोको गाउँपालिका गठन

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल पाल्पा जिल्ला अन्तर्गत पूर्वाखोला गाउँपालिकामा मंसीर १ गते आयोजना गरिएको भेलाले लिला श्रेष्ठको संयोजकत्वमा १७ सदस्यीय गाउँपालिका समिति गठन गरेको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार उक्त समितिले तीन जना कार्यकारी रहने गरी निर्माण गरेको कार्यकारी समितिमा संयोजकसहित सचिव भोजबहादुर मसराङ्गी र कोषाध्यक्षमा ओमबहादुर सुनाखरी रहेका छन् ।

समितिका सदस्यहरूमा तुलबहादुर बारघरे, सागर पङ्गेनी, खेमराज ज्ञवाली, सुन्दर परियार, अर्जुन परियार, यामबहादु सारु, सन्तबहादुर फाल र ओम खड्गाहा रहेका छन् । समितिमा कार्यकारी तथा सदस्यहरू गरी १२ जना चयन गरी बाँकी रहेका पाँच रिक्त स्थानहरू पछि पूरा गरिने बताइएको छ । सम्पन्न भएको भेला स्थानीय वुद्धिजीवी मिन गिरीको विशेष पहल र सक्रियतामा सफल भएको छ ।

भेलामा सीसीएम् धनेश्वर पोखरेल 'शिशिर' को प्रमुख अतिथिका रूपमा उपस्थिति रहेको थियो भने विशेष अतिथिहरूमा जिल्ला पार्टी इञ्चार्ज मानध्वज श्रेष्ठ र जिल्ला पार्टी संयोजक टेकबहादुर बि.क.को उपस्थिति रहेको थियो । भेलाका अतिथिहरूमा देजमो जिल्लाका संयोजक पदम लामिछाने र जिल्ला सदस्य लिला श्रेष्ठ पनि रहेका थिए ।

उक्त भेलाले जिल्ला समिति चयन गरिसकेपछि जिल्ला समितिको वैठक तत्काल बसी जिल्ला व्यापी संगठन विस्तार गर्नका लागि पदाधिकारी तथा सदस्यहरूका बीचमा कार्य विभाजन गरिएको थियो । वैचारिक प्रशिक्षणको तयारी गर्ने निर्णयसहित संगठनको प्रचारप्रसारका लागि आाफ्नो क्षेत्रमा जिम्मा लिने निर्णय पनि गरिएको थियो ।

# नगरप्रमुख विरुद्ध वडाध्यक्षहरू आन्दोलित

● **रामकुमार श्रेष्ठ**

नवलपरासी । पश्चिम नवलपरासीको सुनवल नगरपालिकामा नगरप्रमुख र वडाध्यक्षहरूबीचको विवाद चुलिएको छ । पछिल्लो समय नगरपालिकाले सचिवहरूलाई हेरफेर गर्दै फरकफरक वडा कार्यालयमा सरुवा गरेपछि विवाद चर्किएको हो ।

नगरप्रमुखले वडाध्यक्षहरूसंग सल्लाह नगरी प्रमुख प्रशासकीय अधिकृत र उपप्रमुखसंग मिलेर मनोमानी ढंगले नगरपालिका संचालन गरेको वडाध्यक्षहरूले आरोप लगाएका छन् ।

नगरप्रमुखको कार्यप्रति असन्तुष्ट बनेका वडाध्यक्षहरू नगरप्रमुखकै विरोधमा उत्रिएका छन् ।

वडाध्यक्षहरूले नगरप्रमुख, उपप्रमुख र प्रमुखप्रशासकीय अधिकृत मिलेर गरेको सरुवालाई अस्वीकार गर्दै वडासचिवहरूलाई वडा कार्यालयमा हाजिर हुनबाट समेत रोकेका छन् ।

नगरपालिकामा बजेट बाँडफाँडबाट हुँदै ठेक्कापट्टाबाट शुरु भएको विवाद अहिले थप चर्किएको हो । वडाध्यक्षहरूले नगरप्रमुखले समस्या हल गर्नका लागि कार्यपालिकामा छलफलमै नलगी आफूखुसी मनोमानी ढंगले निर्णय गर्ने गरेको आरोप लगाएका छन् । कर्मचारी हेरफेर जस्ता ससाना कामदेखि लिएर ठूला योजनाहरूसम्म नगर प्रमुखले हस्ताक्षेप गरि एकल निर्णय लिने गरेको भन्दै सुनवल नगरपालिकाका वडा अध्यक्षहरू सामुहिक रूपमा विरोधमा उत्रिएका हुन् । वडाध्यक्षहरूले नगरप्रमुख भीमबहादुर थापाले प्रमुख प्रशासकीय अधिकृतको मिलेमतोमा विधिविहिन तरिकाबाट नगरपालिका सञ्चालन गरेपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको सुनवल नगरपालिकाका वडा नम्बर ५ का वडाध्यक्ष थम्मन सिंह नेपालीले बताए ।

नगरपालिका भित्र भएको समस्याको समाधान नगरको कार्यपालिकाको बैठकमा पेश गरी छलफलबाट हल गर्नुको सट्टा नगरप्रमुख थापा र प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले नगरपालिकाका वडाध्यक्ष तथा अन्य सदस्यहरूलाई दबाब दिएर जबरजस्त गर्न खोजेपछि विरोधमा उत्रिनु परेको वडा अध्यक्ष नेपालीले बताए ।

नगरपालिकाका प्रमुखले नगरका जुनसुकै कामहरू विधिसंगत ढंगले नभई व्यक्तिवादी एवं हैकमवादी तरिकाले गर्न थालेको सुनवल वडा नम्बर २ का अध्यक्ष राजेन्द्र यादवले बताए ।

## धर्मपुर मा.वि. को ५८ औं बार्षिक उत्सव भव्य रूपमा सम्पन्न

गुल्मी । गुल्मीको सत्यवती गाउँपालिका-३ मा रहेको श्री धर्मपुर मा.वि. को ५८औं बार्षिक उत्सब भव्यताका साथ सम्पन्न भएको छ ।

यही मिति २०७५/०८/१४गते एक भव्य समारोहका साथ प्रमुख अतिथि तथा सत्यवती गापाका अध्यक्ष पारिश्वर ढकालले ब्यानर खालेर उद्धघाटन गरेको उक्त कार्यक्रममा सयौंको संख्यामा विद्यार्थी, अभिभावक र शिक्षकहरूले प्रभात फेरी गर्दै बजार परिक्रमा गरेका थिए ।

कार्यक्रममा अतिथिहरू रुक बहादुर राना, तेजकुमारी थापा, अर्जुन तरामु, सरोज राना, शान्ति बि.क., गुणदेव सिंजाली, जितु तरामु, बुद्ध राहादी, कोम ब श्रीस, नेत्र राना, टोपला देवी थापा, खोम सिंजाली भानु, खिम ब राहादी, खोम थापा, पूर्ण ब राहादी, प्रकाश थापा, कौसल ज्ञवाली, बेल ब. थापा, गिर ब. बिक लगाएत रहेका थिए ।

कार्यक्रमको अध्यक्षता विद्यालय व्यबस्थापन समितिका अध्यक्ष टीका राना मगरले गरेका थिए भने स्वागत मन्तव्य विद्यालयका प्र.अ. बल बहादुर राहादीले गरेका थिए । कार्यक्रमको सञ्चालन सहायक प्र.अ. जुक्त बहादुर थापाले गरेका थिए । तीन दिनसम्म चलेको उक्त कार्यक्रममा विविध खेलकुद, साँस्कृतिक एवं अन्य कार्यक्रम समेत आयोजना गरिएको थियो ।

# ओलीले उठाएनन् रोहिंग्या शरणार्थीका कुरा



काठमाडौं । नेपालमा आयोजित एशिया प्यासिफिक समिटमा नेपालका प्रम ओलीले रोहिंग्या शरणार्थीका बारेमा कुनै पनि कुरा उठाएनन् । नेपालमा म्यानमारबाट लखेटिएपछि करीब ३०० रोहिंग्या शरणर्थीहरू काठमाडौंको कपनमा बस्दै आएका छन् । नेपालमा एशियाका शीर्ष नेताहरू आफ्ना साझा मुद्दाहरूमा छलफल गर्दै छन् भन्ने सुनेपछि रोहिंग्याले आफ्ना कुराहरू आफूहरूले शरण लिइरहेको देश नेपालका

प्रधानमन्त्रीले म्यानमारकी नेतृ आङशाङ सुकीकहाँ पुर्‍याइदेऊन् भनी विभिन्न माध्यमहरूबाट खबर पुर्‍याएका थिए ।

शिखर सम्मेलनमा भाग लिनका लागि बिहीवार साँझ नै सुकी सुटुक्क काठमाडौं आइपुगेकी थिइन् । हल्लाखल्ल्ला नगरिकन भएको सुकीको आगमनसँगै कुरा एक कान दोकान भई फैलिएको थियो । शुक्रवार भएको छलफलमा रोहिंग्याका बारेमा केही पनि कुरा नउठाइएको थाह पाए पछि रोहिंग्याहरू निकै निराश बनेका छन् ।

उनीहरूले म्यानमारमा आफूहरूको घरबास भएको, जग्गाजमिन भएको र आफूहरू तिनै घरहरूमा फर्कन चाहेको बताइरहेका छन् । तर शिखर सम्मेलनमा जलवायु परिवर्तन, क्षेत्रीय शान्ति तथा मैत्री लगायतका विषयहरूलाई साझा चासोहरूको विषयहरू बनाएर छलफल गरिएको छ ।

यस अघि भारतको सहयोगमा तात्कालिन भुटानी सरकारले नेपालीहरू लखेट्दा झापामा आई बसोबास गरेका र हालसम्म पनि त्यहाँ केही मात्रामा रहेका शरणार्थीहरूका बारेमा कुनै पनि आवाज उठाउन सकेको छैन ।

# युक्रेनमा ६० दिने जंगी शासन लागू

काठमाडौं । सोमवार रुसले केही युक्रेनी पानी जहाजहरूलाई रुस-युक्रेन समुद्री सीमाबाट कब्जामा लिएपछि युक्रेनमा संकटकाल घोषणा गरिएको छ । रुसबाट हुन सक्ने संभावित खतरालाई मध्यनजर गरेर यसो गरिएको युक्रेनले बताइएको छ । युक्रेनी राष्ट्रपति पोरोसेन्कोले देशको सारा नियम कानुन ६० घण्टाका लागि आफ्नो मुट्ठीमा लिएका छन् ।

जहाज कब्जासँगै केही मानिहरू तथा चालक दलहरू पनि रुसी कब्जामा परेका छन् । युक्रेनले कब्जामा लिइएका आफ्ना चालक दललाई घाइते बनाएको आरोप लगाएको छ भने रुसले यसलाई अस्वीकार गर्दै युक्रेनी पानीजहाजहरू सचेत गराइँदै गर्दा पनि अटेरी गरेर रुसी सीमा इलाकाभित्र प्रवेश गरेपछि कब्जामा लिइएको प्रस्टीकरण दिएको छ ।

अमेरिका र युरोप लगायतका पश्चिमा देशहरूले यसो गरेर रुसले अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेको आरोप लगाएका छन् ।

यसअघि रुसको ओर्थोडक्स चर्च अन्तर्गत रहेको युक्रेनी कन्स्ट्यान्टिनोपल चर्च अलग भएको थियो । विगत ३०० वर्षदेखि साथै रहेको उक्त चर्च स्वतन्त्र भएको रुसको ओर्थोडक्स चर्चले घोषणा गरिरहँदा युक्रेनी राष्ट्रपति पारोसेन्कोले रुसलाई कडाशब्दमा गाली गरिरहेका थिए ।

युक्रेनको क्राइमिया रुसमा गाभिएपछि रुस र युक्रेनबीच चलेको शीत युद्ध भुसको आगो झैं भित्रभित्र बलिरहेको छ ।

# देजमोको गाउँपालिका गठन

पाल्पा । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल पाल्पा जिल्ला अन्तर्गत पूर्वाखोला गाउँपालिकामा मंसीर १ गते आयोजना गरिएको भेलाले लिला श्रेष्ठको संयोजकत्वमा १७ सदस्यीय गाउँपालिका समिति गठन गरेको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार उक्त समितिले तीन जना कार्यकारी रहने गरी निर्माण गरेको कार्यकारी समितिमा संयोजकसहित सचिव भोजबहादुर मसराङ्गी र कोषाध्यक्षमा ओमबहादुर सुनाखरी रहेका छन् ।

समितिका सदस्यहरूमा तुलबहादुर बारघरे, सागर पङ्गेनी, खेमराज ज्ञवाली, सुन्दर परियार, अर्जुन परियार, यामबहादु सारु, सन्तबहादुर फाल र ओम खङ्गाहा रहेका छन् । समितिमा कार्यकारी तथा सदस्यहरू गरी १२ जना चयन गरी बाँकी रहेका पाँच रिक्त स्थानहरू पछि पूरा गरिने बताइएको छ । सम्पन्न भएको भेला स्थानीय वुद्धिजीवी मिन गिरीको विशेष पहल र सक्रियतामा सफल भएको छ ।

भेलामा सीसीएम् धनेश्वर पोखरेल 'शिशिर' को प्रमुख अतिथिका रूपमा उपस्थिति रहेको थियो भने विशेष अतिथिहरूमा जिल्ला पार्टी इञ्चार्ज मानध्वज श्रेष्ठ र जिल्ला पार्टी संयोजक टेकबहादुर बि.क.को उपस्थिति रहेको थियो । भेलाका अतिथिहरूमा देजमो जिल्लाका संयोजक पदम लामिछाने र जिल्ला सदस्य लिला श्रेष्ठ पनि रहेका थिए ।

उक्त भेलाले जिल्ला समिति चयन गरिसकेपछि जिल्ला समितिको वैठक तत्काल बसी जिल्ला व्यापी संगठन विस्तार गर्नका लागि पदाधिकारी तथा सदस्यहरूका बीचमा कार्य विभाजन गरिएको थियो । वैचारिक प्रशिक्षणको तयारी गर्ने निर्णयसहित संगठनको प्रचारप्रसारका लागि आाफ्नो क्षेत्रमा जिम्मा लिने निर्णय पनि गरिएको थियो ।

# भारतमा लाखौं किसानहरू आन्दोलित



काठमाडौं । भारतमा लाखौं किसान आन्दोलित बनेका छन् । दिल्लीस्थित संसदीय भवन अगाडि भारतीय किसानहरूले आफ्ना पक्षमा विधेयक निर्माण तथा पारित गर्न दबाब दिन धर्नामा बसेका छन् । ठूलो संख्यामा धर्ना बसेका किसानहरूको संगठित दबाबले भारतीय संसद र सरकारलाई गाह्रो पारिरहेको छ । भारतमा विभिन्न स्थानहरूमा किसान आन्दोलन तथा विरोध प्रदर्शनहरू हुने भए पनि संगठित र केन्द्रीकृत रूपमा भएको यो पहिलो ठूलो आन्दोलन हो ।

आफ्नो विजयलाई सुनिश्चित गर्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले भारतीय किसानहरूलाई सन २०२० सम्म धेरै सेवासुविधा दिलाइदिने आश्वासन दिएका थिए । तर सन् २०१८ कै सालमा पानी, सिंचाइ तथा रसायनिक मलसहित बीउबिजनको अत्यधिक अभाव र मूल्य वृद्धिका कारण किसानहरू यो विरोध प्रदर्शनमा उत्रिएका हुन् । किसानहरू मुख्यतः ऋण मिनाह र कृषिउत्पादनको उचित मूल्य निर्धारण गरिनु पर्ने मागसहित यो विरोध प्रदर्शनमा सहभागी भएका हुन् ।

भूमिगत जलस्रोत सुकिसकेको, उत्पादन घटेको तर बजारमा उद्योग उत्पादित बस्तुहरूको मूल्य आकाशिंदै गएकाले भारतभरका किसानहरू स्वतस्फूर्तरूपमा यो आन्दोलनमा उत्रिन बाध्य भएका हुन् । किसानहरू साझा नारा र समान धारणा लिएर निरन्तर प्रदर्शनमा छन् । तर बीजेपी सरकारले किसानहरूलाई संबोधन नै गरिहेको छैन । अधिकार कर्मीहरूका अनुसार मोदीको सरकार किसान विरोधी र फासिवादी रहेको बताइएको छ ।

गत संसदको चुनावमा भारतभरका यिनै किसानहरूको मतले सत्तामा पुगेको बिजेपीलाई यो जनप्रदर्शनको उचित संबोधन गर्न निर्के हम्मेहम्मे परेको छ । उचित संबोधन नभएमा देशभर यसले बिद्रोहको आगोको रूपमा आकार लिने संभावनालाई नकार्न त सकिदैन, थप यसले आगामी दिनहरूमा बिजेपीलाई जनस्तस्तरबाटै पत्तासाफ पार्न सहयोग पुर्याउने निश्चित जस्तै देखिएको छ ।

## कमरेड...

(माओवादी)का महासचिव कमरेड गणपतिले स्वेच्छिक किसिमले आफ्नो जिम्मेवारी छोडेपछि केन्द्रीय समितिले नयाँ महासचिवका रूपमा कमरेड बसवराजुलाई चयन गरेको छ

यताका केही वर्षहरूमा देखिएको खराब स्वास्थ्य र ढल्कँदो उमेरलाई ध्यानमा राख्दै र आगामी दिनहरूमा केन्द्रीय समितिलाई अझ मजबुत पार्ने उद्देश्यका साथ कमरेड गणपतिले स्वेच्छिक किसिमले महासचिवको आफ्नो जिम्मेवारी परित्याग गरेर आफ्नो ठाउँमा महासचिवका रूपमा अर्को कमरेडलाई चयन गर्नका लागि प्रस्ताव राखेपछि केन्द्रीय समितिको पाचौं बैठकले वहाँको प्रस्तावलाई स्वीकार्दै यसमाथि बृहत् छलफलपछि बैठकले बसवराजु (नाम्बल्ला केशव राव)लाई महासचिवका रूपमा चयन गर्यो ।

कमरेड गणपति भारतीय कम्युनिस्ट पार्टी (माले) (पिपुल्स वार) का महासचिवका रूपमा जुन १९९२मा निर्वाचित हुनुभएको थियो । पार्टीका लागि त्यो निकै कठिन घडी थियो । सन् १९९१ देखि आन्ध्र सरकारले पार्टीका विरुद्ध दोस्रो चरणको दमन प्रक्रिया चलाएको थियो । सशस्त्र सङ्घर्षलाई अगाडि बढाउन कस्तो किसिमको कार्यदिशा लागू गर्ने भन्ने लगायत पार्टीले थुप्रै किसिमका चुनौतीहरूको सामना गर्नु परेको थियो । केन्द्रीय समितिका तत्कालीन महासचिव कोन्डापल्ली सितारमैया त्यतिबेरका चुनौतीहरूबाट पार्टीलाई मुक्त पारेर नेतृत्व प्रदान गर्न सक्ने स्थितिमा थिएनन् । पार्टी कार्यकर्ता र जनताले सामना गर्नु परेका समस्याहरूको निवारण गर्नुको साटो कोन्डापल्ली सितारमैया र केन्द्रीय समितिका केही सदस्यहरूले षड्यन्त्रकारी विधि अँगाले र पार्टीको आन्तरिक सङ्कटको कारक बने । एकाध अवसरवादीहरूबाहेक पार्टी विभाजनको षड्यन्त्रमा लागेको अवसरवादी गुटका विरुद्धको सैद्धान्तिक लडाइँमा सिङ्गो पार्टी पङ्क्ति एकताबद्ध भयो । त्यतिबेला पार्टीमा देखा परेको सङ्कटको सामना गर्न केन्द्रीय समितिमा रहेका युवा नेतृत्वले अँगालेको प्रक्रिया सिङ्गो पार्टीका लागि सुन्दर शिक्षा बन्यो र यसले पार्टीको काम गर्ने शैलीमा शुद्धीकरण अभियानको काम गर्‍यो । सिङ्गो पार्टीको वैचारिक तथा राजनीतिक स्तरमा वृद्धि भएको थियो । मुख्यतः केन्द्रीय समितिमा सामूहिक नेतृत्व र सामूहिक टिम-कार्यप्रणालीको विकास गरियो । कमरेड गणपतिले अग्रपङ्क्तिमा उभिएर केन्द्रीय समितिमा क्रान्तिकारी नेतृत्व निर्माणको प्रयासमा अहम् भूमिका खेल्नुभयो । यस प्रक्रियामा सिङ्गो पार्टी एक ढिक्का भयो, षड्यन्त्रकारीहरूलाई परास्त गर्दै चुनौतीहरूको सामना गर्न वहाँले आफूलाई तयार पार्नुभयो । यस किसिमको परिस्थितिमा केन्द्रीय समितिले, विकसित गरिएको सामूहिक नेतृत्वका रूपमा कमरेड गणपतिलाई महासचिवका रूपमा निर्वाचित गर्‍यो ।

सन् १९९५ मा हामीले अखिल भारतीय विशेष सम्मेलनको आयोजना गर्‍यौ र पार्टी लाइनलाई समृद्ध पार्‍यौ । त्यो सम्मेलनले नयाँ केन्द्रीय समितिको निर्वाचन गर्‍यो । नयाँ निर्वाचित केन्द्रीय समितिले पुनः कमरेड गणपतिलाई महासचिवमा चयन गर्‍यो । अगस्त १९९८ मा भारतीय कम्युनिस्ट पार्टी (माले) (पिपुल्स वार) र भारतीय कम्युनिसट पार्टी (माले) (पार्टी युनिटी) बीच एकता भएर भारतीय कम्युनिस्ट पार्टी (माले) (पिपुल्स वार) बन्यो । पार्टीमा भएको यस किसिमको विकासपछि पार्टी अन्य राज्यहरूमा पनि विस्तारित भयो र यसले भारतव्यापी चरित्र ग्रहण गर्‍यो । डिसेम्बर २, २००० पछि हामीले सैन्य दिशाको विकास गर्दै 'जनमुक्ति छापामार सेना" को निर्माण गर्‍यौ । २००१ मा भएको त्यतिबेलाको भारतीय कम्युनिस्ट पार्टी (माले) (पिपुल्स वार) को नवौं महाधिवेशनले पार्टीको राजनीतिक, सैन्य र सङ्गठनात्मक लाइनलाई थप विकास गर्‍यो । भारतको ठोस वस्तुगत स्थितिमा दीर्घकालीन जनयुद्धको रणनीति लागू गर्ने महत्वपूर्ण अङ्गका रूपमा महाधिवेशनले छापामार आधार इलाका निर्माण गर्ने नयाँ योजना अघि गर्यो । जनमुक्ति सेना निर्माणको प्रश्नका साथै केन्द्रीय सैन्य आयोगको नेतृत्व मातहत जनयुद्ध र राज्यसत्ताबीचको सम्बन्धमा पनि पार्टीले विशेष जोड दियो । महाधिवेशनले निर्वाचित गरेको नयाँ केन्द्रीय समितिले पनि एकपल्ट फेरि कमरेड गणपतिलाई महासचिवका रूपमा चयन गर्‍यो ।

२१ सेप्टेम्बर २००४मा भारतीय कम्युनिस्ट पार्टी (माले) (पिपुल्स वार) र माओइस्ट कम्युनिस्ट सेन्टर इन्डियाबीच एकता भएर भारतीय कम्युनिस्ट पार्टी (माओवादी) को निर्माण भयो । प्रस्ट वैचारिक तथा राजनीतिक लाइनका आधारमा भएको यो एकतापछि भारतीय क्रान्तिकारी आन्दोलनले महान् फड्को मार्‍यो । यो विकास भारतीय क्रान्तिकारी आन्दोलनमा कोशेढुङ्गाको रूपमा रहेको छ । यो विकासले पार्टीलाई थप मजबुत पार्नुका साथै थप विस्तार पनि गर्‍यो । दुवै पार्टीका छापामार सेनाबीच पनि एकता भयो र एउटा मजबुत 'जनमुक्ति छापामार सेना (पिएलजिए) को निर्माण भयो । २००४ अघि सनासाना छागाँ र छहराहरूझैं रहेका विभिन्न क्रान्तिकारी समूहहरू, व्यक्तित्वहरू मिसिएर बनेका भारतीय कम्युनिस्ट पार्टी (माले) (पिपुल्स वार) र माओइस्ट कम्युनिस्ट सेन्टर इन्डिया त्यस समयका दुइटा प्रमुख क्रान्तिकारी धार थिए । यी दुइटाको एकताबाट भाकपा (माओवादी) को निर्माण भएपछि यी छहराहरू एउटा विशाल नदीका रूपमा विकसित भए । त्यसमा नक्सलवाडी आन्दोलनको निरन्तरताको अनुभवले समृद्ध गहन जिम्मेवारी ब्यहोरेका थुप्रै नेताहरूसमेतलाई समेटेर पार्टीको निर्माण भएको थियो । यस किसिमका नेता तथा कार्यकर्ताहरूले बनेको केन्द्रीय समितिले कमरेड गणपतिलाई महासचिवका रूपमा चयन गर्‍यो । २००७ मा भएको एकता महाधिवेशन( नवौं महाधिवेशनले पनि वहाँलाई सर्वसम्मत किसिमले महासचिवका रूपमा चयन गर्यो । एकता महाधिवेशन( नवौं महाधिवेशनपछि केन्द्रीय समितिको नेतृत्वमा आन्दोलन नयाँ उचाइका साथ विकसित भयो । विकासको यस क्रममा, २०१३ को अन्त्यतिर भाकपा (माले) (नक्सलवारी) र भाकपा (माओवादी) बीच भएको एकतापछि भारतमा रहेका क्रान्तिकारी पार्टीहरूबीचको एकीकरण प्रक्रिया एक हिसाबले समाप्त भयो भनेर हामी भन्न सक्छौं ।

१९९२ देखि २०१७, २५ वर्षको अवधि, कमरेड गणपतिले महासचिवको जिम्मेवारी समालेको यस अवधिमा केन्द्रीय नेतृत्वअन्तर्गत भएको हाम्रो आन्दोलन थुप्रै बाधाव्यवधानसित जुद्धै अघि बढ्यो । तीव्र वर्गसङ्घर्षका बीच पार्टी इस्पातिलो बन्दै गयो । दुस्मनको प्रतिक्रान्तिकारी आक्रमणलाई परास्त गर्न यसले क्रान्तिकारी पङ्क्ति र क्रान्तिकारी जनतालाई इमानदारीपूर्वक सर्वहारावादी नेतृत्व प्रदान गर्यो । यसै क्रममा आफ्नो बिग्रदो स्वास्थ्य र उमेरजन्य परिस्थितिका कारण कमरेड गणपतिले महासचिबको जिम्मेवारीबाट आफूलाई अलग गर्दै सिङ्गो पाटी र केन्द्रीय समितिलाई थप बलियो बनाउन जिम्मेवारीबोध गराउनु भयो । अनि केन्द्रीय समितिले कमरेड बसवराजु (नाम्बाल्ला केशव राव) लाई महासचिवका रूपमा चयन गर्यो ।

कमरेड बसव रावले तीन दशकभन्दा बढी समय पार्टीको अग्रपङ्क्तिमा रहेर विभिन्न कमिटीहरूको सचिव रहेर, २७ वर्षदेखि केन्द्रीय समितिमा र १८ वर्षदेखि पोलिटब्युरो सदस्य रहेर सफलतापूर्वक नेतृत्व प्रदान गर्नुभएको छ । खास गरेर वहाँ केन्द्रीय सैन्य आयोगको इन्चार्ज हुनुहुन्थ्यो र जनयुद्धलाई अगाडि बढाउन वहाँले महत्वपूर्ण योगदान दिनुभयो । विशेष गरेर भन्नु पर्दा १९९२ पछिको केन्द्रीय समितिमा सामूहिक नेतृत्वको विकास गर्ने कार्यमा वहाँको महत्वपूर्ण भूमिका रह्‍यो, जसले महासचिवका रूपमा आफूलाई विकसित हुन वहाँलाई सहयोग पुर्यायो ।

पार्टीको केन्द्रीय समितिमा भएका परिवर्तनहरू सिङ्गो पार्टीको विकास प्रक्रियाका अङ्गहरू हुन् । यी परिवर्तनहरूले केन्द्रीय समितिलाई थप मजबुत बनाउने छ । सङ्गठनात्मक सिद्धान्तमा-जनवादी केन्द्रीयता-र आलोचना-आत्मालोचनाको सिद्धान्तको ठोस रूपमा पालना गर्दै, समग्र पार्टी र क्रान्तिकारी जनतालाई सामूहिक नेतृत्व प्रदान गर्दै 'समाधान' का नाममा दुस्मनले अघि सारेको फासिवादी रणनीतिक प्रतिक्रान्तिकारी आक्रमणलाई परास्त गर्दै जनदिशा र वर्गमा आधारित भएर मुलुकमा नयाँ जनवादी क्रान्तिको नेतृत्व गरेर सर्वहाराको अग्रदस्ताका रूपमा सफलता प्राप्त गर्ने कार्यप्रति पार्टी एकदमै दृढ छ भन्ने कुरामा केन्द्रीय समिति समग्र पार्टीपङ्क्ति र आम क्रान्तिकारी जनतालाई विश्वास दिलाउन चाहन्छ ।

*अभय*

*प्रवक्ता- केन्द्रीय समिति*

## नियात्रा

# क.माओलाई सलामी



● हस्तबहादुर केसी

सन् २०१५ जुलाई १६ को दिन। बिहान ९ बजे हाम्रो नेपाली टोलीलाई चीनको राजधानी बेइजिङ स्थित तियानमेनचोकमा पुऱ्याइयो। आकास सफा थियो। गाडीबाट ओर्लियौँ। चिनियाँ कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य द्वय कमरेड साओ लियाङ्ग र जिङ्गज्याङ्ग युयाले गाइडिङ्ग गर्दै हुनुहुन्थ्यो। हाम्रो नेपाली टोली २० सदस्यीय थियो।

गाडीबाट ओर्लेपश्चात् हामीहरूलाई लाइनबद्ध हुन भनियो। हामीले त्यसै गऱ्यौं। कमरेड साओ लियाङ्गले गेटपास ल्याउनु भयो। उहाँकै नेतृत्व र निर्देशनमा हामी सुरक्षा चेकजाच सकेपछि गेटबाट भित्र पस्यौं। ठूलो प्राङ्गण थियो। म साओ लियाङको पछि पछि थिएँ। एकजना जनामुक्ति सेनाका जवान पनि हाम्रो साथमा थिए। हाम्रै सुरक्षाका लागि शुरुदेखि उनी हाम्रै साथमा हुन्थे।

हातमा फूल समाएका मानिसहरूको ठूलो पङ्क्ति दुइलाइन भएर अगाडि बढिरहेका देखिन्थे। हाम्रो टोली दायाँपट्टीको लाइनमा लामबद्ध भएर अगाडि बढ्यो।

पहिले नै समय तालिका दिइएको थियो। आज अध्यक्ष माओको पार्थिव शरीरमाथि सलामी दिने कार्यक्रम रहेको जानकारी भइसकेको थियो। त्यसो भएर कतिखेर माओको पार्थिव शरीर राखिएको ठाउँमा पुगिला भनेर मलाई ज्यादै कुतुहलता जागृत भइरहेको थियो। कतिखेर पुगौँला र अध्यक्ष माओलाई सलामी दिउँला भनेर बढो कुतुहलता जागृत भइरहेको थियो। धेरै लामो लाइन भएकाले ढिलो ढिलो गरेर मात्र हाम्रा पाइलाहरू अगाडि बढिरहेका थिए।

जब हाम्रो टोली एउटा विशाल र बढो आकर्ष भवनको अगाडि पुग्यो, तब मलाई लाग्यो, अब हामी माओ मेमोरियल हलको नजिकै पुगिसकेका छौं। लाइन सिढीहरू भएको भवनतिर बिस्तारै अगाडि बढिरहेको थियो। हामी पनि त्यहाँ पुग्यौं।

मूल गेटमा पुग्यौं। दुइवटै लाइन सँगसँगै अगाडि बढेकोले मूल ढोकामा अलि साँगुरो नै मानिएको थियो। तर त्यस ऐतिहासिक भवनको पहिलो हलमा प्रवेश गरियो। हामी भन्दा बायाँ पट्टिको लाइनमा रहेका माओका अनुयायीहरूले फूलहरू बोकेर गइरहेकाले उनीहरूले त्यस हलमा अध्यक्ष माओको उपरखुट्टी राखेर कुर्सीमा बसीरहेको, दायाँ हातमा सल्काइएको चुरोटको दृश्य देखिने ठूलो कदमको सुनौलो रंगको शालिकमाथि फूल चढाएर सलामी दिइरहेको दृश्य देखिन्थ्यो।

हामीले त फूलमाला लिएका थिएनौं। आयोजकहरूले पनि लिनु पर्दछ भनेका थिएनन्। त्यस शालिकको नजिक पुगेपछि लाल सलामको सलामी चढाउदै हामी अगाडि बढ्यौं। नेतृत्व साओ लियाङले गरिरहेका थिए। अर्को ढोकाको नजिकै पुगियो। हाम्रो टोली दायाँपट्टीको लाइन भएर अगाडि बढिरहेको थियो। तर ढोकामा पुगेपछि एउटै लाइन मात्रै लाइनबद्ध भएर भित्र प्रवेश गर्नु पर्ने रहेछ। मूलढोका पुग्ने वित्तिकै भित्रतिर हेरेको अँध्यारो देखिन्थ्यो।

माओको शव राखेको ठाउँमा कतिबेला पुगिएला भनेर म निकै उत्सुक थिएँ। त्यही क्रममा हलभित्र प्रवेश गऱ्यौं। हामी गइरहेको बायाँ पट्टीको भागमा पूर्वतिर सिरानी राखेर अध्यक्ष माओको शवलाई सुताइएको देखियो। अध्यक्ष माओको जस्ताको तस्तै शरीर, बोलाएपछि उद्नुहोला जस्तो देखिने। माओको शव देखियो। छातीमाथि चिनियाँ कम्युनिष्ट पार्टीको झण्डा ओढाइएको रहेछ। छातीमा र अनुहारमा बढि नै लाइट (प्रकाश) दिइएको रहेछ। अन्य शरीर पनि उज्यालो पर्ने गरी प्रकाश दिएको हुनाले सम्पूर्ण शरीर राम्ररी देख्न सकिन्थ्यो। शव नबिग्रियोस् भनेर वैज्ञानिकीकरण गरिएको कफिनमा सुरक्षित ढङ्गले राखिएको रहेछ। उहाँको पार्थिव शरीरको नजिकै पुगेपछि मुठ्ठी उठाएर अध्यक्ष माओलाई लाल सलामी चढाएर भावपूर्ण श्रद्धाञ्जली दिइयो। उहाँका अनगिन्ती योगदानहरूको बारेमा स्मरण गर्ने प्रयास गरियो। अध्यक्ष माओको पार्थिव शरीरमाथि



सलामी चढाउने धोको पनि पुरा भयो।

अध्यक्ष माओको पार्थिव शरीरमाथि सलामी चढाउँदाको क्षण मेरो जीवनको लागि अत्यन्तै ऐतिहासिक तथा अविस्मरणीय रहेको अनुभूति भयो। सलामी चढाई सकेपछि मनले नचाहँदा नचाहँदै पनि हामीहरू त्यस ऐतिहासिक हलबाट जबरजस्त बाहिरियौं।

पछाडिको ढोकाबाट हामी बाहिरिएका थियौं। त्यसको उत्तर पट्टी माओ, चाउ एनलाई लगायत वीर विराङ्गनाहरूका ऐतिहासिक शालिकहरू, हतियार सहित लालसेनाका साथमा लडाई लड्दाका बखतका प्रतिमाहरू बढो सुन्दर ढङ्गले राखिएको रहेछ। ती सालिकहरूप्रति पनि मैले सलामी चढाएँ। र त्यस ऐतिहासिक एवम् अविस्मरणीय क्षणका तस्विरहरू क्यामरामा कैद गर्नका लागि फोटो शेसन पनि चलायौं। माओको शव राखेको स्थानमा भने फोटो खिच्न प्रतिबन्ध रहेछ।

त्यसभन्दा पछाडि अर्को अत्यन्तै व्यवस्थित भवन देखिन्थ्यो। त्यस भवन भित्र युद्धकालिन अवस्थामा लालसेनाले प्रयोग गरेका हतियारहरू र शत्रुबाट जफ्त गरिएका हतियारहरू केन्द्रित गरिएको भवन रहेछ। त्यस भवनमा भने अवलोकन गर्न पाइँदो रहेनछ। बाहिरबाट मात्रै अवलोकन गरियो र इतिहासको जानकारी लिने काम गरियो। र ती ऐतिहासिक धरोहरहरूको अवलोकनको ऐतिहासिक तथा अविस्मरणीय क्षणलाई छातीमाथि जबरजस्त कैद गर्दै बाहिरीयौ हामीहरू।

माओत्सेतुङ चिनियाँ कम्युनिष्ट पार्टीका शिक्षाध्यक्ष मात्र हुनुहुन्थेन उहाँ अन्तर्राष्ट्रिय सर्वहारावर्गका महान् नेता पनि हुनुहुन्थ्यो। माओ नयाँ जनवादी क्रान्तिको सिद्धान्तकार एवम् प्रयोगकर्ता पनि हुनुहुन्छ। उहाँकै नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीले सन् १९४९ अगस्ट १० तारिखका दिन महान् चिनियाँ नयाँ जनवादी क्रान्ति सम्पन्न गरेको थियो। त्यसै दिन माओले सन् १९४९ अगष्ट १ तारिखका दिन जनवादी गणतन्त्र चिनको घोषणा गर्नु भएको थियो। त्यसै ऐतिहासिक स्थान तियानमेन चोकमै उहाँको पार्थिव शरीर (शव) अहिलेसम्म सुरक्षित राखिएको छ र उहाँका योगदानहरूको सम्मान गरिने संरचनाहरू खडा गरिएको देख्न सकिन्छ।

म सानै उमेरमा कम्युनिष्ट पार्टी प्रति आकर्षित भएर सम्पर्कमा पुगेको थिएँ। कम्युनिष्ट पार्टीमा आबद्ध भएर नेपाली क्रान्ति तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन र विश्व क्रान्तिको बारेमा त्यतिबेला बढो चासो राखेर अध्ययन गर्ने, केही जान्ने र बुझ्ने मामिलामा हामीहरू बीच प्रतिस्पर्दा नै हुने गर्दथ्यो।

मैले सानो छँदादेखि नै माओत्सेतुङको बारेमा सुन्ने र जान्ने कोशिस गर्दै आएको थिएँ। कमरेड माओको बारेमा थुप्रै किताबहरूको अध्ययन पनि पहिलेदेखि गर्दै आएको थिएँ। माओका सम्पूर्ण रेडबुकहरू पनि खुबै चासोको साथ पढ्दै आएकै थिएँ। माओले महान् चिनियाँ जनवादी क्रान्तिका लागि र विश्व सर्वहारावर्गको मुक्तिका लागि पुऱ्याएको योगदानका बारेमा मैले राम्ररी अध्ययन गर्दै आएकाले म माओप्रति ज्यादै आकर्षित हुँदै आएकाले आदर सम्मान पनि मैले अलि माथि उठेर नै गर्दै आएको थिएँ। चीन र चिनियाँ क्रान्तिका बारेमा त झनै मिहिनेतका साथ सबैले पढ्दै आएका थियौं नै। यति भएर पनि माओकै देश चीनमा पुगेर उहाँकै पार्थिव शरीरमा भए पनि सलामी दिन पाइएला भनेर त्यति कल्पना गरेको पनि थिएन। किनभने चीनमा पुग्न त्यति सजिलो थिएन।

मैले काम गरिरहेको तत्कालिन नेपाल कम्युनिष्ट पार्टी-माओवादीले यो अविस्मरणीय मौका प्रदान गऱ्यो। ५ जना कमरेडहरूको नेतृत्व गर्दै सन २०१५ जुलाई ७ देखि १७ तारिखसम्म चीनको ऐतिहासिक अध्ययन भ्रमण गर्ने मौका मिल्यो। चिनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभागले हामीलाई निमन्त्रणा गरेको थियो। सन् २०१५ जुलाई १४ र १५ तारिखका दिन राजधानी बेइजिङमा आयोजना गरिएको “चिनियाँ विशेषता सहितको समाजवाद र त्यसको अर्थ राजनीति” विषयक गोष्ठिमा भाग लिनका लागि हामीलाई आमन्त्रण गरिएको थियो। त्यही ऐतिहासिक अवसरमा हामीलाई विश्वसर्वहारा वर्गका महान् नेता माओको पार्थिव शरीरमाथि सलामी चढाउने एक ऐतिहासिक र अविस्मरणीय मौका मिलेको थियो। यसको महत्व अनन्त कालसम्म रहनेछ।

# कहिल्यै नबदलिने विस्तार बा !



● रविकिरण ‘निर्जीव’

तिमीले हाम्रो प्राणप्रिय धर्तीको तीनतिर ताल्चा ठोकेर सौराहको जगल्टे हात्ती बसेझैं गजधम्म बसेकाले तिमीलाई हामी उहिल्यैदेखि भन्ने गर्थ्यौं- विस्तारवाद ! तिमी बूढो, वरिष्ठ र जेष्ठ भएकाले अब उप्रान्त म भन्ने गर्छु- बिस्तार बा ! वरिष्ठलाई कनिष्ठले सम्मानसूचक शब्द उपयोग गरेर सम्बोधन गर्न जान्नु पर्दछ।

तिमीले हामीलाई ठेल्दै-घचेट्तै कहाँसम्म आइपुगेनौं ? महेशपुर, माने भञ्ज्याङ, सुस्ता, माडी। तिमी हामीलाई पत्तै नभई उपत्यकाभित्र पनि छिऱ्यौ। हाम्रो क्याबिनेट, किचेन, रेसिडेन्स, खेतबारीहरूमा ढलिमली गर्ने तिम्रो पुरानो आदत आज दोहोरिएको छ। हामी पनि के कम ? तिम्रा क्वाटर, कार्यालय र पिंढीहरूमा ढुकेर बस्न अभ्यस्त हुँदै आएका छौं।

तिम्रा बन्धुबान्धवहरूले आफूलाई धेरै हेरफेर गरिसके। सोभियत सामाजिक साम्राज्यवादलाई त देखे पनि चिनिदैन। अम्रिकी साम्राज्यवादले रूप बदलिसक्यो। घरेलु सामान्तवाद ‘बनेलु’ भइसक्यो। अरुको खेदो गर्ने प्रतिक्रियावाद विनम्र भएर बोल्न थाल्यो। सुधारवाद र संशोधनवाद क्रान्तिको समकक्षी हुँ भनेर दाबी गर्छन्। उदारवाद तपाईं जस्तै-जस्तै त हुँ भनेर साखुल्ले हुन्छ। पुँजीवाद सबै परिवर्तनहरूको मूलबाटो हुँ भनेर दम्भ गर्छ। यो वृहत् परिवर्तनको मेहोरोमा तिमी किन नफेरिएको विस्तारवाद ? विस्तार बा/तिमी किन नफेरिएको ? अग्रगमन, परिवर्तन, परिमार्जन तिमीलाई मनपर्दैन ? कुवाबाट फेरिएर धारो हुन तिमी चाहदैनौ ? रातबाट फेरिएर दिन हुन तिमी चाहदैनौ ?

हाम्रो शक्ति दुर्बल भएर वा आत्मिक सामर्थ्य शिथिल भएर तिमीले यसरी ठेल्न र धकेल्न थालेका हौं कि कसो ? हामी भक्तिथापा र गंगालालका सन्तति हौं भन्ने सत्य तिमी याद गर। हामी सरिफ छौं, तर आइपरे हरिप हुन सक्छौं भन्ने कुरा पनि नभूल। हरिपको अर्थ कंगाल, अटेरी लगाउला नि फेरि। त्यस्तै मात्र होइन, यसले लडाकु र पुरुषार्थीको अर्थ पनि लगाउँछ। लडभिड गर्न सक्ने मानिसलाई जोधाहा भन्छन् नि हो, हरिप त्यस्तै हुन्छ।

ओरालो लागेको बाघलाई बाच्छाले पनि लखेट्छ भनेझैं कि तिमीले हाम्रो निष्ठा र नीति रुग्ण भएको ठानेर यसरी खेदिरहेका हौ ? मानिसहरू यस्तो पनि ठान्छन् त हामी आफैंलाई पनि यस्तो आभाष हुन्छ, बेला बखतमा। यसो घोत्लिंदा हाम्रो निष्ठा र नीति ठाउँठाउँमा भाँचिएको, दोब्रिएको, लतारिएको, लगेको, अझ सडेको अनुभूति पनि नहुने होइन विस्तार बा अनुभूति नहुने होइन।

एकलासमा बसेर यसो सोच्दा हामीले काम छोडेर नकाम, बाटो छोडेर कुबाटो गरेको र हिँडेको अनुभव हुन्छ। हराइसकेको जस्तो विश्वास पो हुन्छ। तर आमाको तुलनामा बा त आनको तान फरक छ। आमा काठको कला, बा बारको काठ।

हामीले मुक्तिसंग्राम, मार्क्सवाद र लोकयुद्धलाई विवेकमा ग्रहण गरेर उपयोग गऱ्यौं। तर तिनको डेट छँदै आवेगमा फटाफट विसर्जन गऱ्यौं। हाम्रै कुविचारले गर्दा अतितको प्रजातन्त्र उमेर छँदै रोग लागेर परलोक भयो। खुसीराजी र विवशता मिसाएर गणतन्त्र फर्कायौं तर त्यो आज खानलायक हुन पर्नेमा ढुसी लागेर दुर्गन्ध फिंजाइरहेको छ।

संघीयता, समावेशीपन, समानुपातिकताहरूलाई गलाको हार, शीरको शीरफूल भनेर घोक्यौं। तर ती गलापासो भएर गाँडमा तुर्लुङ्ग झुण्डिरहेका छन्। तिनीहरूलाई समाजका अबल दर्जाका पुलिङ्गीहरूले आत्मलिन गर्न सकिरहेका छैनन्। तिनीहरूका उद्देश्य, आकांक्षा, गन्तब्य, सीमा, सौन्दर्य, खान्की, खुराकको व्यवस्थापनमा अज्ञानता र अन्यौल आइदिनाले तिनीहरूप्रतिको विश्वसनीयता र औचित्यमा खडेरी परिरहेको छ। तिनीहरू कुमाल त होइनन्, माल नै हुन्, होस् घातक माल होइनन्, बलबर्द्धक माल हुन्, तर हामी नै त्यस्ता कुपात्र भएर भोका डिंगाहरूका दाम्ला फुकाइदियौं, आखिर तिनीहरूलाई गोठमा थुन्न असमर्थ भयौं। भोका माकुराका बच्चाका बथानले आफ्नै जन्मदाता माकुरा बा र माकुरी आमालाई सिध्याउन बेर छैन।

हामी गाउँबेसीमै जन्मी हुर्की आएका हौं तर हामी एकपल्ट शिखरको टुप्पोमा पुग्यौं भने सदा त्यही जमेर बस्न हजार अधर्महरू गर्न आफ्नो धर्म ठान्छौं र गाउँबेसीको झुपडी र गोठमा ओर्लन मेर भैं मान्छौं। कुलकलङ्कको मोसो लागे पनि कुलतन्त्रको स्तम्भ गाड्ने कुलतमा फसेका हामी कुलच्छिनहरूभित्र बाहिर सर्वाङ्ग कुरूप भए पनि रूपवान छौं भनेर थान थप्छौं।

यी निष्ठा र नीतिका पटलाहरू घोप्टिंदा विस्तार बा मुस्कुराउनु भयो नि ! अब अरु पटलाहरू घोप्टिदा मुस्कुराएका ओठहरू च्यातिएलान् नि !

प्रत्येकपल्ट हामी सारङ्गीसरहका मानिसहरूका पेटहरू पुष्ट बनाउन सङ्कल्प ...बाँकी ७ पेजमा

## कविता

### अधिकार



● *हिरामणि दुःखी*

भो चाहिएन मलाई
तिम्रा बाहुलीबाट बक्सिसमा
एक मुठी अधिकार।
छैन मलाई
तिम्रो बक्सिसको चाह
निरीह र ‘अवला’को विनित स्वरमा
अञ्जुली पसारेर
जसरी पसार्छ श्रमसँग भागेर
प्रत्येक दैलो दैलोमा
हर दिन हर मौसम
एकथान कमण्डलु बोकेको
एउटा सन्यासी।
तिम्रै व्याख्या थियो ‘प्रजातन्त्र’
तिम्रै न्वारान थियो ‘लोकतन्त्र’
र, तिम्रा विशेष दुःखले आर्ज्याको
सम्पत्ती हो ‘गणतन्त्र’
मैले यसको हकभोग गर्ने
दुश्साहस कसरी गर्न सक्थेँ ?!
भन्दै छु त
भो चाहिएन मलाई
तिम्रा बाहुलीबाट बक्सिसमा
एक मुठी अधिकार।
मैले के गरेँ
अधिकार पाउन योग्य काम ?
मेरो मूल्य नै के छ
तिम्रो तराजुमा जोख्न लाएक ?
चुलोचौको गर्नु
पानी पँधेरो गर्नु
घाँस दाउरा खेप्नु
सँगसँगै तिम्रो प्यास मेटाउँदै
तिम्रै वंश उत्पादन गर्नु
र, तिनका गुहुमुत सोहर्नु,
त्यसपछि सुरु हुन्छ
नित्य दिन
घरदेखि स्कुलसम्म
स्कूलदेखि घरसम्म
ओहोर दोहोर गराउनु
बस यति भए पुग्छ मलाई
मेरो कर्तव्य, अधिकार र दायित्व
अन्तरघुलित छ यसैमा
भो चाहिँदैन मलाई
तिम्रो वाहुलीबाट बक्सिसमा
एक मुठी अधिकार।
तिमीले भनेका थियौ क्यारे
धुरी खाँबोमा तेत्तीस प्रतिशतको थुन्से
छुट्ट्याएको छु भनेर,
भो भो त्यो तिमी नै राख
डरल फल्दा
थाप्ने भाँडो हो, काम लाग्छ
जतन गरी राख खुबसित।
पाटी होस् या पार्टी
संसद होस् या सरकार
या कानूनको अभिषेक गर्ने मण्डप
जहीँ तहीँ
जबजब तिमीलाई
हालहुकुम चलाउन
किञ्चित असहजता महसुस हुन्छ
फट्के किनारामा राख्न सक्छौ
मेरै लिङ्ग जनित
दुइचार थान नामहरू
किनकि,
डलरका रुखतिर नियाल्दा
कसैले प्रश्नको पेटारो खोल्दै
तिमीलाई औँला ठड्यायो भने
कोटको खल्तीबाट झिकेर
देखाउन सक्छौ ती नामहरू।
ओ महासय !
भो नदेखाऊ संविधानको भित्री पाना
के नै फरक भो र फाटेको तमसुक
आनि तिम्रो संविधानमा
चाहिएन मलाई
तिम्रा बाहुलीबाट बक्सिसमा
एक मुठी अधिकार
म मेरै पाखुरीमा बाँच्न सिक्दैछु
र, एकदिन म आफैँ कोर्नेछु
मेरो अधिकारको घोषणापत्र।

*१६ जेठ २०७५, घट्टेकुलो, काठमाडौं*

## सामाजिक...

लाभान्वित हुन नसकिएको सार्वजनिक चिन्ता जाहेर गरेको थियो ।

हाल विश्वव्यापी रूपमा आएको उदारीकरण वा संरक्षणवादले कायम गर्दै आएको नाफाको एकाधिकार तथा श्रमिकवर्गको श्रमको दोहनको अवस्थालाई हेर्दा श्रमिकहरूमाथि अझै शोषण तथा दमनका श्रृंखला बढ्दै जाने र त्यसले श्रमिकहरूका अधिकार र हकहितको व्यापक कटौती गर्दै पुँजीपति वर्ग र तिनका दलालहरू सुखी समृद्ध हुँदै जाने र बहुसंख्यक श्रमिकहरू गरिबी अभाव बेरोजगरीको सिकार हुँदै जाने क्रमले तिब्रता पाउने निश्चितै छ ।

नेपाललगायत् विश्वका श्रमिकहरूको श्रमअधिकारको कटौती गर्न, मजदुर आन्दोलनमा व्यापक भ्रम सिर्जना गर्न, तिनका अगुवा नेताहरूलाई प्रभावमा पारेर पुँजीपति वर्गको हितमा परिचालन गर्नु, तिनमा फुट पार्नु, क्रान्तिकारी मजदुर आन्दोलनलाई घेराबन्दी गर्दै लैजाने आदि नीतिहरू वर्तमान नेपाली दलाल शासकहरूको मूल ध्येय रहेको छ । केही मानिसहरूलाई केही समयका लागि मूर्ख बनाउन सकिन्छ, तर सबैलाई सधैंका लागि मूर्ख बनाउन सकिदैन भने झैं ।

नेपाली श्रमिक आन्दोलनलाई भ्रमित र दिशाविहीन बनाउन खोजे पनि श्रम र पुँजीका बीचको यो विश्वव्यापी अन्तरविरोधले श्रमिकवर्गको विसाल पंक्तिलाई क्रासन्तकारी मजदुर आन्दोलनको प्रवाहमा एकाकार गर्दै पुँजीपति वर्ग र शासक वर्गका विरुद्ध संघर्षको आँधीबेहरी चल्ने निश्चित देखिन्छ ।

## राज्य...

त्यसको हिमायती वा सञ्चालकका रूपमा रहेको वाम कम्युसनिष्ट नामधारी वर्तमान सरकार र त्यसको एकमात्र ध्याउन्न भ्रष्टाचार, कमिसनखोर, शोषण दमन स्वेच्छाचारिताले गर्दा यसले एक प्रकारको आम जनतालाई चुनौती दिंदै संघर्षको अव्यक्त घोषणा गरिसकेको छ ।

हाल नेपालमा साम्राज्यवादी सौजन्यस्वरूप ल्याएको संविधान नियोजित देश द्रोह तथा संस्थागत भ्रष्टाचारले खडा गरेको चुनौती देशलाई संक्रमणबाट बचाउने फेरि एकपटक सत्य सन्देशसहित वर्ग संघर्षसँग जोडेर मुक्ति संग्रामको आह्वान गर्नु ढिलो र अनिवार्य भइसकेको छ । सत्ताको नेपथ्यबाट जसरी आम जनतामा महंगी कर आतंक, दण्डहीनता स्वेच्छाचारिता शोषणस्वरूप आगो ओकल्ने काम गरिरहेको छ । यसले वर्तमान सरकार र सत्ताको राजनीतिक, सामाजिक, आर्थिक हैसियत गुमाइसकेको छ । यो सत्ता पनि सामन्तवादको समाधिमा पुग्ने निश्चित छ ।

जनतन्त्र, जनजीवीका, जबसम्म स्वतन्त्र र आत्मनिर्भर हुन सक्दैन, तबसम्म हरेक राष्ट्रियता कायम हुन सक्तैन । अझ नेपालको सन्दर्भमा समन्तवादी प्रमुख संस्थाको अन्त्यको घोषणा त भएको छ, तर त्यसको जरा अन्य सांस्कृतिक सामाजिक संरचनाहरूमा यथावत छ र सामन्तवाद अलिकति खुकुलो भएको ठाउँमा देशको राष्ट्रियता होइन कि साम्राज्यवादी राष्ट्रियता संस्कृति र सामाजिक चरित्र मजबूत बन्दै गएको छ । यो साम्राज्यवादी, अर्धसामन्तवादी र अर्धऔपनिवेकलाई पूर्ण रूपमा ध्वस्त गर्न पहिलो त आफ्नै उत्पादन प्रणालीमा आत्मनिर्भर जनजीविका र त्यसको विकास देशभक्तिको आत्मीय भावना निर्माणका लागि आन्तरिक भेषभूषा, भाषा संस्कृतिलाई स्वतन्त्रतासहितको जनतन्त्र लक्षित बनाएर र त्यस्तो सत्ता साध्यको लागि वर्गसंघर्षको उद्देश्य बाहेक सबै भ्रम हुन्छ । राष्ट्रियता भनेको पहिचान हो, पहिचान सामूहिक भूगोलसहितको हुन्छ भने अर्को व्यक्तिगत पहिचान हुन्छ । व्यक्तिगत पहिचान भनेको उसको पेशामा आधारित आदि हुन्छ । तर सामुहिक पहिचान भूमिको विविधता, सहित सांस्कृतिक, भाषिक, भेषभूषा र भौगोलिक संरचनाअनुसार हुन्छ जस्तो जनजाति, मगर, बाहुन, क्षेत्री, यादव, थारु, पहाड, मधेश आदि सामूहिक र त्यसले ओगटेको भूगोलसँग सम्बन्धित हुन्छ । तर त्यही व्यक्ति शिक्षक, पदाधिकारी, किसान आदि उसका विशेषता अनुसारका व्यक्तिगत पहिचानहरू हुन्छन् । त्यसै पहिचान र अस्तित्व विन्यासका लागि राष्ट्रियताको पहिचान आवश्यकता हुन्छ, जसले मात्र राष्ट्रिय राज्य निर्माण गर्दछ । यसको समस्या नै साम्राज्यवाद हो । राज्य, राष्ट्रियता र साम्राज्यवादबीचको विभेदको अन्त्य पहिचान अनिवार्य शर्त हुन्छ, जसको समाधान एक मात्र वर्ग संघर्ष हुन्छ ।

## कहिल्यै...

गर्छौं । तिनीहरूका उकुच पल्टिएका र इन्फेक्सन भएका घाउहरू बिसेक बनाउन कबोल गर्छौं, तिनीहरूका दुखेका दिलहरूका खिलहरू झिक्न बचन बद्धता जनाउँछौं, तिनका बस्ती र बासस्थान, सिटी र सहर निकट र बिकट सर्वत्र शान्ति र सदाचार विछ्याउँछौं भनेर अठोट गर्छौं, तर ती प्रतिज्ञाहरू कोपिला नलाग्दै कुहिएर फुतुफुतु झर्छन् । विपनामा ती फुल्न पाउँदैनन्, सपनामा फक्रिएर झोक्राउँछन् ।

मतदाताहरूले पटक पटक छानेका प्रतिनिधिहरू आयु बाँकी छदै निरर्थक रूपमा अर्काको लागि बलि बन्नुपर्छ र अड्डा अदालतका सेवादाता र न्यायमूर्तिहरू देहातका दरिद्र र सहरका सम्पन्नहरूसँग गाडी भाडा छुट्याएको नगद र ब्रिफकेश बिटाका बिटा क्यास नजराना स्वरूप ग्रहण गर्दछन् । बाल, बृद्ध, बनिता, विधवा, विक्षिप्त, बेसहाराहरू बध, बलात्कार र अपकारको भक्षक भएर रक्षकहरूको अघिल्तिर प्रदर्शनी बनिरहेका हुन्छन् । निर्मला पन्तको निम्ति न्यायलय ढोका बन्द गर्छ । यतिखेर बुद्धितत्वको कुर्लुम्त भारी बोकेर हिड्नेहरू बुद्धिभ्रष्ट भएको अनुभूत हुन्छन् । राज्यमा सुशासन दिन सङ्कल्पित जो छन्, ती आफ्ना आसनहरू दृढ र दीर्घ बनाउन मात्र प्रतिबद्ध छन् ।

नाट्यकलाकारहरू नाटकलाई सजीव तुल्याउन रिहल्सन गर्छन तर हाम्रा राज्य चालकहरू राज्य संचालनको नाटकीय परीक्षण गरिरहेका हुन्छन् । परीक्षणमा एउटा छुद्र, निच, निम्नकोटीको नागरिकको ज्यानको खती भयो त कुन ठुलो घटना भयो ?

बिस्तारा बा ! तिम्रो उत्तराधिकारको श्रृङ्खलामा जो उभिन आए पनि त्यसका हात लामै हुन्छन् । उसलाई पूर्वजले चिलले झैं टाढासम्म दृष्टिगोचर गरेर नयाँ भूमि र दासहरू सृष्टि गर्न सिकाएको हुन्छ । हाम्रो भूमि प्राचीन र स्वाधीन रूपले सृष्टि भएपनि तिमी यसमाथि भद्दा दुष्टि दिइरहन्छौ । तिम्रा आँखा भिरले फोरिदिऊँ ? भनेर सोध्यायो, त्यो बेतको छडी झैं दोब्रिन्छ ।

पार्टी अध्यक्षको मगन्तेपात्र थापेर उप-प्रधानमन्त्रीको चामल माग्नु, आफ्नो अनुहार बिर्सिएर राज्याधिकारीलाई काम गरेन भनेर सराप्नु, भैंसीको गर्धन र पछाडि जिराफ र उँटको टाउको जोडिएकाले अब हामी दुवैतिर समृद्धि र शान्तिको म्याराथुन दौड गर्न सक्छौं भन्नु तर महिना सात-सात बित्ता पनि गति लिन नसक्नु, यी सब अयोग्यता र दरिद्र मानसिकताका अनुपम उपमाहरू हुन् कि होइनन् ? यी चामल मगन्ता महोदयहरूलाई मात्र के कङ्गगाल भन्नु र भन्न त, हाँकडाँक गुमाएका 'भुतनाथहरू' पनि सिनु फुले झैं डम्डम्ती फुल्छन् ।

राज्यको डाडु, पनियो, दाबिलो, चम्चा आदि औजार समाउने भान्छे, उपभान्छे, सहभान्छेहरू किन आफूहरूलाई बलशाली भान्छे हौं, यस्ता बलशाली भान्छे अगाडिका दिन कहिल्यै भएनन्, पेटभरि दाल, भात, तरकारी खुवाउँछौं, आठ घण्टाभन्दा बढी काममा जोत्दैनौ, मनग्य विश्राम-समय दिन्छौं भनिरहन्छौं ? नभन, गरेर देखाऊ । तराईको टौवा बोकेर शिखरमा पुऱ्याऊ, थालभरि भात पस्केर देऊ र विश्राम अवधिभित्रमा नबिम्झाइदेऊ । बातले कहाँ पेट भरिन्छ र ! भातले भरिदै आएको पेट ! भरिने भए जनसंग्रामहरू गरिने थिएनन् ।

एकजना डाडुहोल्डर र पनि यो होल्डरले रित्तो थाल लिएर उभिएका मानिसलाई दाल लिन आउनुहोस्, भात लिन आउनुहोस्, खाइसकेपछि थप्न आउनुहोस् भनेपछि तिनले ताउला र कराइमा दालभात हेर्न गएछन् । रित्ता भाँडा देखेपछि मुट्ठी ताकेर भनेछन्- 'बात नदेऊ, भात देऊ, भात दिन नसके बरु लात देऊ ।'

विस्तार बाको लात पाउनु पाइएको हो । अझै लातबाट उन्मुक्ति पाइएको छैन, तर तिम्रो लातभन्दा आफ्नैको लातले मरणासन्न बनाउने रैछ । यिनको बात र बातले उमालेको लात हाम्रो लागिभन्दा पनि यिनकै लागि घातक हुनेछ भन्ने कुरामा यो जातले कहिले चेत्छ कुन्नि ?

हाम्रो निष्ठा र नीति जति बेलासम्म क्षतबिक्षत भएर झोक्रिरहन्छ, त्यतिबेला हामी कुखुराका चल्लाहरूद्वारा लखेटिइरहने त होला नि !

## नेपालको...

उक्त संझौताले बिजुली उत्पादन भएपछि बिजुली सञ्चालनको ग्रिड भारतीय भूमिमा राख्ने काम गरेको छ । यसले नेपालमा उत्पादित विजुली भातले सञ्चालन गर्ने अधिकार दिएको छ । भारतीय प्रधानमन्त्री नेपालको जनकपुर भ्रमणमा आउँदा नेपाली सेनाको सुरक्षालाई हाँक दिंदै आफ्नै भारतीय 'कमाण्डो फोर्स' जकपुरमा तारिएको थियो ।

नेपालको नक्सा हालसम्म भारतले बनाउने गरको छ । अहिले नेपालमा ल्याइएको पछिल्लो नक्सा, जो नेपालको कालापानीको मुहान लिम्पियाधुरा र लिपुलेकको भागलाई भारतमा गाभेर बनाइएको छ । राष्ट्रपति, प्रधानमन्त्री कार्यालयदेखि सेना, प्रहरी र स्थानीय निकायका कार्यालयहरुसम्म इज्जतपूर्वक टाँसिएका छन् । यसरी कथित राष्ट्रवादी सरकारले देशभक्तिलाई उपहासको विवशय बनाएको छ ।

ग) लोकतन्त्र : २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको राप र तापबाट निर्माण गरिएको अन्तरिम संविधानको भावना र मर्मलाई उल्ट्याउन पहिलो संविधानसभामाथि 'कु' गरी २०७२ मा ल्याइएको कथित संविधानभा दुईद्वारा निर्मित संविधान आफैंमा पश्चगामी संविधान हो । यो संविधानले धर्म निरपेक्षता, पहिचानको संघीयता र समानुपातिक समावेशितालाई नाम मात्रको तर उल्लुको रूपमा प्रस्तुत गरेको छ । यतिले मात्र नपुगेर यो संविधानले दिएको धर्मनिरपेक्षता, र संघीयतालाई सिध्याउने अभिव्यक्ति खुदै प्रधानमन्त्रीले बेलाबखत दिने गरेका छन् ।

हिन्दु राज्यमा राजाले गर्ने व्यवहार धर्म निरपेक्षका राष्ट्रपतिले गर्दै आएका छन् । दसैंमा दुर्गा भवानीको प्रसाद 'टीका' राष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति, प्रहरी प्रमुख, सचिव आदिले लगाई निरन्तरता दिने काम गरेका छन् । नेपाली जनताको पेट काटेर उठाएको करबाट कर्मचारीलाई दसैं खर्चवापत् एक महिनाको तलव भनेर ६अर्ब ५० करोड रूपैयाँ वितरण गरिएको छ । प्रधानमन्त्रीले दसैं खर्चका नाममा ५० करोड रूपैयाँ बाँडेका छन् । तसर्थ, यो संविधान र त्यसलाई लागु गर्ने सरकारले वास्तवमा लोकतन्त्रलाई उपहास गरेको अवस्था छ ।

घ) जनजीविकाको प्रश्न : कथित कम्युनिष्टको सरकारले देशमा निजीकरण, व्यापारीकरणलाई प्रोत्साहन गरिरहेको छ । साम्राज्यवादी बहुराष्ट्रिय कम्पनीलाई भित्र्याएको भूमण्डलीकरणको नीतिले मुलुकमा उद्योग धन्दाको विकास हुन सकेको छैन । बेरोजगारी बढेको कारण युवा शक्ति विदेशिन परेको अवस्था, व्यापार घाटा बढेको, मूल्यवृद्धि भएको, करवृद्धि भएको, भूमाफियातन्त्र चलेको र सिण्डिकेटका कारणले नेपाली जनता आक्रान्त बनेको अवस्था कायम छ ।

देशमा दुईतिहाईको दम्भसहित चलिरहेको सरकार यसका नेताहरू अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवाद आदि शक्तिहरूको चलखेल र निर्देशनमा रमाइरहेको छ । यो आफैंमा पश्चगामी र जनविरोधी सरकार भएकाले यसले देशघाती र जनविरोधी गतिविधिहरूलाई प्रोत्साहन गरिरहेको छ ।

ङ) वैकल्पिक शक्तिका रूपमा क्रान्तिकारी माओवादी : हाम्रो पार्टीले नेपालको वर्तमान सामाजिक-आर्थिक संरचनालाई अर्धसामन्ती अर्धऔपनिवेशिक र नवऔपनिवेशिक अवस्थामा रहेको ठहर गरेको छ । यो अवस्थाको राज्यसत्ता साम्राज्यवादी तथा विस्तारवादी शक्तिका दलाल तथा नोकरशाही पुँजीपति वर्ग र पराजित सामन्त वर्गको हातमा रहेको छ । कथित कम्युनिष्ट एमाले र माके र कथित डेमोक्र्याट नेपाली कांग्रेसले बनाएको संविधान २०७२ संसद र नेकपाको सरकारले त्यही वर्गको सेवा गर्दछ । तसर्थ, अहिलेको नेपालको प्रजातन्त्र भनेको भारतीय प्रसिद्ध वाम लेखिका अरुन्धती रोयको शब्दमा 'डेमन क्रेसी' अर्थात् 'राक्षसको राज' हो । यस प्रकारको राजमा मजदुर, किसान, आदिवासी, जनजाति, दलित, महिला, मधेसी, हली, गोठाला, सुकुम्बासी आदिका हकहितका कुरा कहाँबाट आउँछ ? जनताको प्रजातन्त्रले मात्र वास्तविक जनताको र मुलुकको हकहितको रक्षा गर्न सक्छ । त्यस प्रकारको प्रजातन्त्र ल्याउनका लागि नेकपा (क्रान्तिकारी माओवादी) प्रयत्नरत छ । विद्यमान दलाल तथा नोकरशाही पुँजीपति वर्गको राज्यसत्तालाई सशस्त्र विद्रोहबाट फ्याँकेर नयाँ जनवादी राज्यसत्ता कायम गर्ने, राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्रश्नलाई हल गर्ने र समाजवादी समाज निर्माण गर्नेतर्फ अघि बढ्ने लक्ष्य र कार्यक्रम हाम्रो पार्टीको भएकाले यसलाई क्रान्तिकारी पार्टी भनिएको हो । त्यसैले यो पार्टी संसदको पक्ष वा प्रतिपक्ष पार्टी नभएर विद्यमान राज्यसत्ताकै विकल्प पार्टी हो ।

च) यो पार्टीले अहिले के गर्न सक्छ ? : साम्राज्यवाद र विस्तारवादको दलाल बनेको यो सरकारबाट आठ महिनाभित्रै नेपाली जनता नराश हुन पुगेका छन् । उनीहरूले यसको विकल्प खाजिरहेका पनि छन् । संसदमा प्रतिपक्ष रहेका पार्टीहरूको पनि कुनै काम छैन र देखिदैन । यो लोकतन्त्र मजदुर, हली, गोठाला, सुकुम्बासी, किसान, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, महिला र दति लगायत्का उत्पीडित वर्ग र जनसमुदायको लोकतन्त्र नभएको कुरामा उनीहरू प्रष्ट हुँदै गएका छन् । यो अवस्थामा हाम्रो पार्टीको केन्द्रीय समितिको यो वैठकबाट नेपाली जनताले के आशा गर्न सक्दछन् ? खुदै पार्टीले विकल्प कसरी प्रस्तुत गर्ला ? यो अत्यन्त महत्वको प्रश्नको जवाफ दिनसके पार्टीको भविष्य छ, नत्र जुन जोगी आए पनि कानै चिरेका हुने छ ।

तर अहिले बस्दै गरको केन्द्रीय समितिको वैठकले प्रश्नको जवाफ दिने प्रयास गरेको छ । अहिलेसम्म यो पार्टीले संगठन-संगठन-संगठन अर्थात् संगठन निर्माणमा मात्र जोड दिंदै आएको थियो । अब राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित आधार भूत जल्दाबल्दा सस्याहरूलाई लिएर जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षलाई अघि बढाउने निर्णय लिएको छ । सैद्धान्तिक रूपमा मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा पार्टीको मूल नीति, कार्यक्रम तथा कार्यदिशा र जनवादी क्रान्तिको तयारीको काममा केन्द्रित रही वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र सरकारको विरोध तथा भण्डाफोरको राजनीतिक कार्यक्रम अघि बढाउनु पर्छ । उक्त सैद्धान्तिक राजनीतिक कार्यदिशालाई अघि बढाउन संयुक्त मोर्चा तथा जनवर्गीय मोर्चाहरूले राष्ट्रियता, जनतन्त्र, जनजीविकाको समस्यालाई लिएर संघर्ष सञ्चालन गर्ने र पार्टीद्वारा मूलतः वर्गसंघर्ष र प्रतिरोध संघर्षका कार्यक्रमहरू सञ्चालन गर्ने भएको छ । संगठन र संघर्षसम्बन्धी कामको आगामी ६महिने कार्य तालिका बनेको छ । उक्त तालिकाभित्र युवा शक्तिको विशेष प्रदर्शन र देजमोको जनशक्ति प्रदर्शनसहितको राष्ट्रिय सम्मेलन र आम हडताल दिनेसम्मको कार्यक्रम बनेको छ ।

आज जनताले नेकपा (क्रान्तिकारी माओवादी) प्रति आशा जगाएको अवस्था तर खुदै पार्टीले संघर्षका ठूला कार्यक्रमहरू दिन नसकेको स्थिति अब तोडिने छ । संघर्षद्वारा संगठन विस्तार र संगठनको बलमा संघर्ष दिने काम हुने छन् । वर्तमान राज्यसत्ताको विकल्प तर्फको यो पाइला प्रभाकारी र जनअपेक्षाअनुरूप हुँदै जाने कुरामा पार्टी कार्यकर्ताहरूको गंभीर प्रयासको खाँचो अबका आवश्यकता बनेको छ ।

## सेनाभित्र...

अध्यक्षतामा ९ सदस्यीय जनरल समरी सैनिक अदालत गठन भएको थियो ।

उक्त सैनिक अदालतले मंसिर १३ गतेबाट लागू हुनेगरी कार्वाहीमा परेकाहरूबाट ३ करोड, २२ लाख ७५ हजार बिगो रकम समेत तोकेको छ । कार्वाहीमा पर्नेहरूमा अधिकृतदेखि अनियमित ढंगले भर्ना हुने सैनिक जवानहरू समेत रहेको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनएको छ ।

अन्य दुई दर्जालाई छ वर्ष कैद, जरिवाना र भविश्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी बर्खास्त गरिएको छ । दुई अधिकृतसहित छ जनालाई ३५ दिनदेखि तीन वर्षसम्म कैद, जरिवाना र भविश्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त गर्न सिफारिश गरिएको छ ।

त्यस्तै एक अधिकृतसहित दुई जनालाई जरिवाना र भविश्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त तथा अन्य दर्जाको एक जनालाई सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त गरिएको छ ।

त्यस्तै एक अन्य दर्जालाई जरिवानासहित चार वर्ष बढुवा रोक्का, पाँच अन्य दर्जालाई दुईदेखि पाँच वर्ष बढुवा रोक्का र भर्ना मापदण्ड विपरीत भर्ती भएका १०१ अन्य दर्जालाई भविश्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त गरिएको छ । ३७ अन्यदर्जालाई भर्ना हुँदा आर्थिक लेनदेनमा संलग्न भएकाले तीन वर्ष बढुवा रोक्का गरिएको छ । सैनिक ऐनअनुसार आफ्नो पदीय दायित्व पूरा नगर्ने १६ अधिकृतसहित १७ जनालाई सचेत गराइएको छ भने चार अधिकृतसहित आरोपित १४ जनालाई सफाइ दिइएको छ । सेवारत एक अन्य दर्जालाई भर्ना भएको दर्जाबाट घटुवा गरी पहिलाकै दर्जा कायम गरिएको छ ।

## गिरफ्तार...

प्रहरी कार्यालय पुगेका मिजार र परियारलाई प्रहरीले पक्राउ गरेको हाम्रा सहकर्मीले बताएका छन् । प्रहरीले उनीहरूसँग रहेको ५० हजार रूपैयाँ समेत जफत गरेको छ ।

त्रिपाठीको हिराईका लागि पार्टी र मोर्चा नेतृत्वले प्रहरी प्रशासनलाई दबाब दिइरहेको अवस्थामा पुनः थप दुई कार्यकर्तालाई पक्राउ गरिएपछि क्रान्तिकारी माओवादी गम्भीर बनेको छ । क्रान्तिकारी माओवादी कास्की, देजमो कास्की र क्रान्तिकारी सुकुम्बासी संघ कास्कीले छुट्टाछुट्टै वक्तव्य जारी गरी प्रहरी हिरासतमा राखेर चरम मानसिक यातना दिइएका तीनै जना नेता कार्यकर्ताका विना शर्त रिहाईका लागि जोडदार माग गरेका छन् । यो गिरफ्तारीलाई क्रान्तिकारी माओवादी र सम्बद्ध मोर्चाले राजनीतिक पूर्वाग्रह राखी क्रान्तिकारीहरूको मनोबल गिराउन गरिएको गिरफ्तारी भनेको छ । पछिल्लो समय कास्कीमा क्रान्तिकारी माओवादीको बढ्दो सक्रियता, राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी आन्दोलनमा स्थानीय जनताको बढ्दो सहभागितालाई रोक्न राजनीतिक प्रतिशोधपूर्ण मनसायका साथ सत्तारुढ नेकपाको षड्यन्त्रपूर्ण योजनामा कार्यकर्ताहरूको गिरफ्तारी भएको भन्दै क्रान्तिकारी माओवादी र मोर्चाले विनाशर्त रिहाई नगरिए कडा प्रतिरोध गरिने चेतावनी दिएको छ ।

## क्रान्तिकारी...

दिएपछि भैरवी गाउँपालिकाले किन्न लागेको १२ वटा मटरसाइकल खरिद प्रक्रिया रोकिएको दैलेखबाट हाम्रा सहकर्मीले जानकारी दिए । जिल्लाका सबै स्थानीय तह, सरकारी निकायहरूमा अनुगमन, छड्के जाँच गरिने क्रान्तिकारी माओवादीले जनाएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरुगाईं (९८५११९५८८९)
तेह्थुम सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, बीरगंज, चपुर, सिजगढ, रातपुर
फोन नं. : ०१-५१८०२९६
बल्खु, काठमाडौं।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७११६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।


हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)

| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८६०१०२७३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४७०६२६९, ९८३१२८४३०

## आलोपालो

# सामाजिक सुरक्षा कोषबारे एक टिप्पणी



● ईश्वर तिमिल्सिना

मंसिर महिनाको १२ गते राजधानी कमलादीस्थित नेपाल प्रज्ञाप्रतिष्ठानको सजिसजाउ हलमा देशका प्रधानमन्त्री केपी ओली र रोजगारदाताले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन गरे । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण बिष्ट लगायत राजकीय पद धारण गरेका अन्य अतिथिहरू, पुँजीपति वर्गका अगुवाहरू, देशका ट्रेड युनियनका नेताहरूको सहभागिता रहेको यो कार्यक्रममा प्रधानमन्त्रीले पुरानो अध्यँारो युगको अन्त्य र नयाँ उज्यालो युगको सुरुआत भएको घोषणा गरे ।

कार्यक्रमको मुद्दा थियो- योगदानका आधारमा सामाजिक सुरक्षा कोषको घोषणा । कार्यक्रमको पूर्वसन्ध्यामा करोडौंको विज्ञापन खर्च गरेर देशका सञ्चार केन्द्र, सहरका चोक र गल्लीहरूमा प्रधानमन्त्री तथा श्रममन्त्री समेतको नायकत्व प्रचार गरेर गरिएको सो कार्यक्रममा ट्रेड युनियनका प्रतिनिधिहरू समेत् निकै खुसीका साथ सहभागी भएका देखिन्थे । नारा थियो :

एउटा दियो बल्दै छ आशाको । एउटा सूर्य उदाउँदै छ भरोसाको । एउटा युगको अन्त्य हुँदै छ अन्धारको । एउटा युगको सुरु हुँदैछ उत्साहको । एउटा उत्सव मनाउँदैछ देशले सामाजिक सुरक्षाको ।

श्रम मन्त्रीद्वारा उद्घोष गरिएका माथिका शब्द तथा पंक्तिहरूले श्रम बजारमा कार्यरत नेपाली श्रमिकहरूलाई समेत प्रभावित र तरंगित पारिरहेका थिए । यस कार्यक्रमका बारेमा विभिन्न कौतुहलता, भ्रम तथा बहसहरू चलिरहेका छन् ।

नेपाली श्रमिकहरू श्रमक्षेत्रमा पुँजीपति वर्ग र श्रमिकहरूका बीचमा बहस विवाद र संघर्षहरू चल्दै आइरहेको छ । श्रमिकहरूको स्थायी हुने हक, उचित पारिश्रमिक, र पेशागत अधिकारहरूका लागि सरकार र उद्योगपति वर्गलाई दबाब दिँदै आएका थिए । उद्योगपतिहरूले पनि श्रमिकहरूको अधिकार कटौती गरेर सरल र सहज ढंगले नाफालाई सुनिश्चित गर्नका लागि सरकार र ट्रेड युनियनभित्र आफ्नो प्रभाव विस्तार गर्दै श्रमिक विरुद्ध लडिरहेका थिए । यसै संघर्षका अवधिमा सरकारी योजनामा नेपाली श्रमिकहरूले उपभोग गर्दै आइरहेका कतिपय अधिकारहरूसमेत कटौती गरी श्रम ऐन २०७४ घोषणा गरिएको थियो ।

यसअघि श्रमिकहरूले कुनै औद्योगिक प्रतिष्ठान वा व्यापार व्यवसायको क्षेत्रमा काम गर्दा २४० दिन निरन्तर काम गरिसकेपछि स्थायी नियुक्ति दिने, स्थायी श्रमिकहरूको संचय कोष, विमा, सहुलियत ऋण, औषधोपचार, सार्वजनिक विदा, सुत्केरी विदा, आठ घण्टा कार्यदिन अतिरिक्त श्रमको अतिरिक्त ज्याला लगायतका अधिकारहरूको प्रयोग गर्दै आइरहेका थिए । तर कतिपय श्रमक्षेत्रमा तातकालिन श्रम ऐन २०४८ ले श्रमिकहरूका समस्याहरूको संबोधन गर्न सकिरहेको थिएन । विकसित नयाँ परिस्थितिमा ती श्रमिक वर्गका आवश्यकता र मागका तुलनामा श्रमिक पक्षीय बनाउनु पर्छ भन्ने बहस श्रम बजारमा चलिरहेको थियो । त्यतिबेला पुँजीपति तथा उद्योगपति व्यापारी वर्गको बढ्दो दबाब र सरकारी नीति निर्माणमा त्यो वर्गको प्रभावको परिणामस्वरूप नयाँ ऐन श्रम ऐन २०४८ लाई प्रतिस्थापन गरी श्रम ऐन २०७४ ल्याइएको थियो ।

फलतः नयाँ श्रम ऐनअनुसार श्रमिकहरूको स्थायी हुने अधिकार कटौती गरेर अस्थायी, करार र ज्याादारी प्रथालाई आम रूपमा लागू गर्ने नीति बनाइयो । उद्योगपति र श्रमिक वर्गबीच चल्दै आएको विवाद नयाँ श्रम ऐन निर्माणसँगै नयाँ आधारमा प्रवश गर्‍यो । मजदुर आन्दोलनभित्र क्रियाशील श्रमिकपक्षीय ट्रेड युनियनहरूको विरोधका बाबजुद देशका ठूला भनिएका ट्रेड युनियनसमेतलाई साथमा लिएर मुख्यतः दलाल पुँजीपति वर्गले कथित औद्योगिक मैत्री श्रमनीति, औद्योगिक मैत्री सरकार लगायतका नारा दिएर सफलतापूर्वक कार्यान्वयनका लागि परिस्थिति निर्माण गरेका थिए ।

अहिले बहुप्रचारित सामाजिक सुरक्षा कोष निर्माणका लागि जुन स्रोत र आधार छ, त्यो भनेको श्रमिकहरूको हरेक महिनाको आधारभूत तलवबाट ११ प्रतिशतका हिसाबले जम्मा गरी त्यसमा रोजगारदाताले २० प्रतिशत थप गरी निर्माण गरिने हो । विगतमा औपचारिक क्षेत्रमा कार्यरत स्थायी श्रमिकहरूले आधारभूत तलबको १० प्रतिशत रकममा पुँजीपतिहरूबाट १० प्रतिशत थप गरी त्यसको सञ्चित व्याजसमेत् जोडेर रोजगारी छोड्दाका बखत एकमुष्ठ रकम श्रमिकहरूले पाउँदै आएकोमा अहिले श्रमिकहरूले स्थायी हुने अधिकारमा कटौती गरेर अस्थायी, करार र ज्यालादारी आधारमा काम गर्नुपर्ने कानुनी व्यवस्था गरेकोमा त्यसबाट उत्पन्न हुनसक्ने मजदुरहरूको तीव्र असन्तोष र विरोधको स्वरलाई रोक्न र मजदुर आन्दोलनलाई भूमित बनाइ विषयान्तर गर्ने ध्येयले सामाजिक सुरक्षाको प्रचार गरिएको कुरालाई बुझ्न सकिन्छ ।

उत्पादनमुखी औद्योगिक श्रम बजार खुम्चदै गएको र व्यापार तथा सेवामूलक श्रम बजार फैलदै गएकाले लाखौं मजदुरहरू औद्योगिक क्षेत्रबाट अनौपचारिक र आवधिक श्रम बजारमा अनिश्चित रोजगारीमा भौतारनु पर्ने वर्तमान वजारको स्थितिमा १५ वर्ष श्रमिक तथा रोजगारदाताबीच सामाजिक सुरक्षा कोषमा जम्मा गर्न दुईपक्षीय संझौता हुनुपर्ने, अवस्था निकै न्युन मात्रामा कायम रहने कुरा स्पष्ट छ । यस्तो अनिश्चित र आवधिक श्रम बजारको चरित्र हेर्दा नेपाली श्रमिकहरूको धेरै सानो हिस्सा अर्थात् तीन लाख श्रमिकहरू पनि यो कोष अन्तर्गत् समावेश भएर लाभान्वित हुने अवस्था देखिदैन ।

अन्त्यमा, बेलायतको अक्सफाम इन्टरनेशनल नामक संस्थाले विश्व श्रम बजारको लेखाजोखा गर्दै सन् २०१७ को कुल आम्दानी १० खर्ब डलर रहेको कुरा सर्वेक्षण गर्दै यस आम्दानीको ८२ प्रतिशत हिस्सा एकप्रतिशत मात्र रहेको पुँजीपति वर्गले हत्याएको र बाँकी रहेको मात्र १८ प्रतिशत हिस्सा ४९ प्रतिशतको भागमा परेको तथा बाँकी ५० प्रतिशत अर्थात् विश्वको कूल आधा (३७० करोड) श्रमिक वर्ग त्यस आम्दानीबाट ...बाँकी ७ पेजमा

## संघर्षको...

ज्ञापनपत्र प्रस्तुत गर्दै मोर्चाकी संयोजक अधिकारीले भनिन्, 'हाम्रा यी माग अविलम्ब पूरा नगरिए देजमो संघर्षमा जान बाध्य हुनेछ ।'

ज्ञापन पत्र बुझाउने कार्यक्रममा उपस्थित नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा ललितपुर इन्चार्ज हरिकृष्ण गजुरेलले मोर्चाले उठाएका मागहरू जनताका माग भएकोले त्यसको अविलम्ब सम्बोधन गर्न आग्रह गर्दै त्यसो नगरिए मोर्चासँग संघर्षबाहेक अर्को विकल्प नहुने बताए । क्रान्तिकारी माओवादी ललितपुरका सेक्रेटरी श्याम केसीले पनि महानगरभित्रका जनताले भोग्नु परेका समस्या समाधान नगरे जनता विद्रोहमा उत्रन बाध्य हुने भन्दै मोर्चाले उठाएका मागहरूको सम्बोधनमा ढिलाई नगर्न मेयरको ध्यानाकर्षण गराए । ज्ञापन पत्र बुझ्दै मेयर महर्जनले मोर्चाले उठाएका सबै मागहरू जायज रहेको भन्दै सकेसम्म मागहरूको विलम्ब नगरी सम्बोधन गर्ने प्रतिबद्धता जनाए ।

मोर्चाले राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायत जिल्लाका मागहरूलाई अगाडि सारेको छ । ज्ञापन पत्र बुझाउन गएको टोलीमा क्रान्तिकारी पत्रकार महासंघका केका सदस्य लोकराज जैसी, महासंघकै केन्द्रीय सदस्य कुमार भट्टराई, विद्यार्थी नेता इश्वरी गुरागाई, नेवाः मक्ति मोर्चाका जिल्ला संयोजक जगदिश महर्जन, पार्टीको महानगर सेक्रेटरी नगेन्द्र महर्जन लगायत नेताकार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

## संघर्षको खाका...

एक खानेपानी उपभोक्ता समितिको अध्यक्षसहितको टिमले गरेको ४ लाख बराबरको भ्रष्टाचार गरिएको रकम तथ्य प्रमाणसहित उपभोक्ता समितिको खातामा जम्मा गर्न लगाएको छ ।

यसअघि मोर्चासम्बद्ध अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ कास्कीको तर्फबाट ४ नं. प्रदेश प्रमुखलाई ज्ञापन पत्र बुझाउन सुकुम्बासी संगठनका सयौं सदस्यहरूको सहभागितामा नारा जुलुससहित प्रदेश प्रमुख पृथ्वीसुब्बा गुरुङको कार्यालय पुगेका देजमो कास्की अध्यक्ष भोजराज त्रिपाठीलाई मंसिर १० गते प्रहरीले पक्राउ गरेको थियो । पार्टी र मोर्चाले तत्काल विनाशर्त रिहा गर्न माग गरेको थियो । क्रान्तिकारी माओवादी तथा मोर्चा र सम्बद्ध संगठनहरूको पछिल्लो दिनमा पोखरालगायत कास्की जिल्लामा बढ्दै गएको प्रभावलाई रोक्न तथा क्रान्तिकारीहरूको मनोवल गिराउने उद्देश्यले त्रिपाठीलाई पक्राउ गरिएको उनी सम्बद्ध पार्टी तथा मोर्चाका नेताहरूको भनाइ छ । त्रिपाठीलगायत मिजार र परियारको गिरफ्तारीको विषयलाई लिएर जिल्लामा क्रियाशिल मानवअधिकारवादी संघ संगठनले पनि चासो व्यक्त गरेका छन् ।

## निर्मलालाई...

माथिको आदेश भन्दै च्यातेको प्रहरीको टोलीले शनिबार त्यही स्थानमा गरिएको सांकेतिक विरोध कार्यक्रमलाई रोक्ने प्रयास गर्‍यो । विरोध कार्यक्रमलाई रोक्नैका लागि माइतीघर मण्डलादेखि धोबीखोला पुलसम्म ठूलो संख्यामा सशस्त्र प्रहरी र नेपाल प्रहरी तैनाथ गरिएको थियो । मध्याह्न १२ बजे थाल्ने भनिएको कार्यक्रम प्रहरीले माइतीघर मण्डलामा प्रवेश नै गर्न नदिएपछि करिब एक घण्टापछि सुरु भएको थियो ।

निर्मलाको पक्षमा अभियान चलाइरहेकी सिर्जना विश्वकर्मासहितका युवालाई शुक्रबार मात्रै प्रहरीले माइतीघरबाट पक्राउ गरेर हिरासतमा लिएको थियो ।

निर्मलाका लागि न्याय अभियानका सदस्यहरूले आफूहरूलाई प्रहरीबाट कार्यक्रम नगर्न धम्की आएको समेत बताएका छन् । निर्मलाका हत्यारा पक्राउको माग गर्दै पोस्टर टाँस्ने १२ युवालाई समेत प्रहरीले पक्राउ गरेको छ । निर्मलाको पक्षमा काठमाडौं, कञ्चनपुर, विराटनगर, पोखरा लगायत देशका विभिन्न स्थानमा प्रदर्शन भइरहेका छन् ।

## संघर्षको...

के कस्तो भन्ने विषयमा जनताले बुझ्ने बेला आएको पनि उनले बताए ।

उनले सरकारले शिक्षामा माफियाकरण गरेको भन्दै गोविन्द केसीको माग पुरा गर्न नसक्नु आफैमा लज्जाको विषय भएको बताए । उनले भने -'माफियाहरूकै कब्जामा देश रहेको छ, दलाल र नोकरसाही पुँजीपतीको कब्जामा देश गैसक्यो ।' उनले वाइडबडी विमान खरिदमा भएको भ्रष्टाचारले पञ्चायतमा पञ्चेहरूले गर्ने भष्ट्राचार भन्दा पनि बढि भष्ट्राचार भएको उनको दावी रहेको छ । मन्त्रीहरूकै संलग्नतामा भएको भ्रष्चारलेले देश कंगालीकरणतर्फ अगाडि बढेको उनको छ ।

राष्ट्रपतिलाई १८ करोडको गाडी, गरिब जनतामाथिको उपहास

राष्ट्रपतिले १८ करोडको गाडी किन्नु गरिब जनतामाथि उपहास गर्नु बाहेक केही नभएको नेता गजुरेलको टिप्पणी छ । अस्पतालमा विरामीहरूको विजोग रहेको बेला जनताको उपचारमा भन्दा पनि आफ्नो सेवा सुविधा वृद्धिमा लागेको भन्दै उनले हेलीप्याड सहितको उपराष्ट्रपति निवास बनाउन खोज्नु आफैमा लज्जाको विषय भएको टिप्पणी गरे ।

यी सबै समस्याहरूको समाधान के हुन सक्छ त भन्ने पत्रकारहरूको जवाफमा नेता गजुरेलले भने, "अब आन्दोलनको आँधिवेहरी उठाएर मात्र यसको समाधान गर्न सकिन्छ ।' अहिलेको सरकारले गरेका देश र जनताविरुद्धका निर्णयहरू सच्याउन जनदबाबको विकल्प नरहेको ष्किर्ष सुनाए । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरूको वास्तविक समाधानका लागि आन्दोलनको विकल्प नरहेको ठहर गर्दै क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य समेत रहेका नेता गजुरेलले पार्टीको जारी बैठक संघर्षका योजना निर्माणमै केन्द्रित रहेको बताए ।

जनघात र राष्ट्रघातका चाङ लगाउँदै गएकाले अहिलेको ओली नेतृत्वको सरकारलाई ५ बर्ष सम्म टिक्न दिन नहुने विचार व्यक्त गरे । ओलीको विकल्प अर्को नेता नभएर समस्या राजनीतिक व्यवस्थाका कारण उत्पन्न भएकाले अहिलेको दलाल राज्यव्यवस्थालाई नै बदल्नुपर्ने तर्क गरे । वर्तमान सत्ताको विकल्प भनेको नयाँ जनवादी सत्ता भएको भन्दै त्यसको स्थापनाका लागि क्रान्तिको तयारी गरिरहेको क्रान्तिकारी माओवादी नै वैकल्पिक राजनीतिक शक्ति भएको नेता गजुरेलको दावी छ । उनले भने- 'स-साना कामबाट नै क्रान्तिकोको सुरुवात हुन्छ ।' भेटघाटमा स्थानीयदेखि राष्ट्रिय मिडियाहरूमा कार्यरत दर्जनौं पत्रकारहरूको सहभागिता रहेको थियो ।

## महत्वपूर्ण निर्णय गर्दै मगर मोर्चाको बैठक सम्पन्न

**टेक मास्कीराना**

बुटबल । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल मगर राष्ट्रिय मुक्ति मोर्चा-नेपालको केन्द्रीय समितिको बैठक मगराँत स्वायत्त राज्य प्राप्तिको आन्दोलनलाई निर्णायक बनाउने निर्णय गर्दै मंगलबार बटुवलमा सम्पन्न भएको छ । बैठकले आन्दोलन तयारीका लागि संगठन विस्तार,सुदृढीकरण अभियानलाई देशभर परिचालन गर्ने समेत निर्णय गरेको छ ।

बैठकले मगरांत स्वायत्त राज्य प्राप्तिको आन्दोलनमा संघीयता र पहिचान विरोधीहरूले गद्दारी गरेको निस्कर्ष निकाल्दै माघ मसान्तभित्र रूपन्देही,गुल्मी,प्यूठान र बाग्लुङको जिल्ला भेला सम्पन्न गर्ने निर्णय गरेको छ । त्यसका लागि मोर्चाका नेताहरूःनिमकला पुन,अर्जुन तरामु,रबिलाल रोका र हेमन्द्र घर्तिलाई जिम्मेबारी दिइएको छ । मोर्चाका अध्यक्ष निलबहादुर पुनको अध्यक्षता,महासचि अर्जुन तरामुको संचालनमा भएको बैठक उद्घाटन गर्दै बैठकलाई क्रान्तिकारी माओवादी स्थायी समिति सदस्य रामसिंह श्रीस,पोलिटव्यूरो सदस्य केबी गुरुङले सम्बोधन गरेका थिए ।

## क्रान्तिकारी माओवादी सप्तरीको भेला सम्पन्न

राजविराज । नेकपा (क्रान्तिकारी माओवादी) सप्तरीको भेला सम्पन्न भएको छ । हालै भएको भेलाले सेक्रेटरीमा अशोक र सदस्यहरूमा सुनिल, राजकुमार, रेवती, सागर, विशाल र विवेकलाई सदस्य बनाएको छ । पार्टी पिविएम रमेशको प्रमुख आतिथ्यता रहेको उक्त भेलामा पार्टी केस पत्थरको उपस्थिति रहेको थियो ।

## देजमो सप्तरीको भेला सम्पन्न

राजविराज । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल सप्तरीको भेला सम्पन्न भएको छ । हालै सम्पन्न भएको भेलाले सूर्यनारायण चौधरीको संयोजकत्वमा बद्री परियार, शर्मिला चौधरी, बलिकान्त चौधरी, जगत सुन्दर विक, लिलादेवी राम, विष्णुदेव चौधरी, अबिता विक, बानेश्वर चौधरी, तिलक बहादुर मगरलगायत १ सदस्य पछि थप्ने गरी ११ सदस्यीय जिल्ला कमिटि निर्माण गरिएको छ । भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य पत्थरको प्रमुख आतिथ्यता रहेको थियो ।
















**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।